# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## गौर नगरपालिका

## रौतहट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौर नगरपालिका

## रौतहट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## गौर नगरपालिका

रौतहट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, मधेश प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ११ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गौर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रौतहट ।

**कैफियत सहितको राय**

हामीले गौर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१० करोड ७६ लाख ८२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ७५ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ६० लाख १८ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७२ लाख ८८ हजार र पेश्की रू.६८ लाख ३१ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.२७ करोड १७ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३७ करोड ९४ लाख ७३ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

# गौर नगरपालिका, रौतहट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जस्व लग जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६७ | २६४ | १०७६८२ | ० | ० | ० | ६७ | २६४ | १०७६८२ | १७५४४ | ३७२८८ | ४६०१८ | ० | ० | ८३३०६ | ६८३१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रौतहट | २७१७९१ | ० | ० | २७१७९१ | ० | १०७६८२ | ३७९४७३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गौर नगरपालिका, रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुभाष कुमार ठाकुर | २०७७-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सोहैल अंसारी | २०७७-८-८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १०७,६८२,०५७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,३५,८७,२३३.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,३९,४१,००७.०६ | **चालु खर्च** | ४१,३३,७५,२८७.३८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६१,९७,१४३ | **पूँजीगत खर्च** | २०,००,४०,५९८.५७ |
| **राजश्व बाँडफाँट** | ९,४३,०९,६५७.०४ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ३,०१,६३,६६०.४६ | | |
| **अन्य आय** | ११,८९,५५,६१०.३१ | | |
| **कुल आय** | ६२,३५,६७,०७७.८७ | **कुल खर्च** | ६१,३४,१५,८८५.९५ |
| **बाँकी मौज्दात** | | ३,३७,३८,४२५.१७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, २१.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४९३७ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुल<br>लेखापरीक्षणको क्रममा रु.३४३२०।०० असुल भई दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षण<br>स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म.ले.प.फा.नं. २७२ को वित्तीय प्रतिवेदन र कार्यालयबाट पेश भएको एकिकृत आय-व्यय विवरण सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन् :<br>म.ले.प.फा.नं. २७२
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="2">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>६०,५८,१३,१२३.८३</td><td>५१,७४,१७,९७५.५६</td><td>१३,०२,६९३.००</td><td>५१,८७,२०,६६८.५६</td><td>४९,१०,५३,३९६.०७</td><td>४९,१०,५३,३९६.०७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>५७,९५,४२,०९२.००</td><td>५०,४६,११,४६७.५६</td><td>०</td><td>५०,४६,११,४६७.५६</td><td>४६,४२,४२,८०६.५७</td><td>४६,४२,४२,८०६.५७</td></tr>
<tr><td>११००० कर</td><td>१०,८७,८५,०८५.००</td><td>९,८८,१९,९८८.५१</td><td>०</td><td>९,८८,१९,९८८.५१</td><td>६,७९,००,८८६.०७</td><td>६,७९,००,८८६.०७</td></tr>
<tr><td>१३००० अनुदान</td><td>४२,९८,१२,०००.००</td><td>३९,५७,६१,४४९.०६</td><td>०</td><td>३९,५७,६१,४४९.०६</td><td>३७,१३,३७,४९९.००</td><td>३७,१३,३७,४९९.००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | ३८,३५,४४,०००.०० | ३५,३९,४१,००७.०६ | ० | ३५,३९,४१,००७.०६ | ३३,५०,८४,२७०.०० | ३३,५०,८४,२७०.०० |
| प्रदेश सरकार | २,६२,६८,०००.०० | २,६१,९७,१४३.०० | ० | २,६१,९७,१४३.०० | २,०२,९४,०००.०० | २,०२,९४,०००.०० |
| जनसहभागिता | २,००,००,०००.०० | १,५६,२३,२९९.०० | ० | १,५६,२३,२९९.०० | १,५९,५९,२२९.०० | १,५९,५९,२२९.०० |
| १४००० अन्य राजस्व | ४,०५,४५,००७.०० | ९६,३१,८८१.९९ | ० | ९६,३१,८८१.९९ | २,३६,३२,९५२.५० | २,३६,३२,९५२.५० |
| १५००० विविध प्राप्ति | ४,००,०००.०० | ३,९८,१४८.०० | ० | ३,९८,१४८.०० | १३,७१,४६९.०० | १३,७१,४६९.०० |
| ख. अन्य प्राप्ति | २,६२,७१,०३१.८३ | १,२८,०६,५०८.०० | १३,०२,६९३.०० | १,४१,०९,२०१.०० | २,६८,१०,५८९.५० | २,६८,१०,५८९.५० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | २,६२,७१,०३१.८३ | ९८,६६,७९९.०० | १३,०२,६९३.०० | १,११,६९,४९२.०० | २,२९,६१,६७४.५० | २,२९,६१,६७४.५० |
| धरौटी | ० | २९,३९,७०९.०० | ० | २९,३९,७०९.०० | ३८,४८,९१५.०० | ३८,४८,९१५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६२,१९,३४,०६९.८३ | ५१,३४,७०,६३२.९५ | १३,०२,६९३.०० | ५१,४७,७३,३२५.९५ | ४७,९१,५९,८८८.५२ | ४७,९१,५९,८८८.५२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५९,५६,६३,०३८.०० | ४९,७९,७०,१११.९५ | | ४९,७९,७०,१११.९५ | ४५,३१,४४,३४८.८५ | ४५,३१,४४,३४८.८५ |
| २१००० पारिश्रमिक / सुविधा | १६,८४,५५,२००.०० | १५,०८,२६,६१५.०५ | ० | १५,०८,२६,६१५.०५ | १२,५९,९६,६२१.११ | १२,५९,९६,६२१.११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १५,८२,६६,००७.०० | १२,५२,२०,३३९.३६ | ० | १२,५२,२०,३३९.३६ | १२,५७,५७,६९०.७६ | १२,५७,५७,६९०.७६ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ९,००,०००.०० | ८,५२,५०४.०० | ० | ८,५२,५०४.०० | १८,६२,६२७.०० | १८,६२,६२७.०० |
| २६००० अनुदान | ७७,१५,०००.०० | ६६,१०,६७८.९० | ० | ६६,१०,६७८.९० | ६,००,०००.०० | ६,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १,४६,७०,०००.०० | १,१३,२६,३९९.०० | ० | १,१३,२६,३९९.०० | ५८,६३,०९२.०० | ५८,६३,०९२.०० |
| २८००० अन्य खर्च | १,०७,७३,८८९.०० | १०,०७,८७२.०७ | ० | १०,०७,८७२.०७ | ३,१७,१०,३५७.९८ | ३,१७,१०,३५७.९८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २३,०८,८२,९४२.०० | १९,८१,२५,७०३.५७ | ० | १९,८१,२५,७०३.५७ | १५,९३,५३,९६०.०० | १५,९३,५३,९६०.०० |
| ३३००० दायित्व | ४०,००,०००.०० | ४०,००,०००.०० | ० | ४०,००,०००.०० | २०,००,०००.०० | २०,००,०००.०० |
| घ. अन्य भूक्तानी | २,६२,७१,०३१.८३ | १,५५,००,५२१.०० | १३,०२,६९३.०० | १,६८,०३,२१४.०० | ४७,९१,५९,८८८.५२ | ४७,९१,५९,८८८.५२ |
| कोषहरु | २,६२,७१,०३१.८३ | १,०२,६६,१९४.०० | १३,०२,६९३.०० | १,१५,६८,८८७.०० | २,४५,९२,३४०.६७ | २,४५,९२,३४०.६७ |
| धरौटी | ० | ५२,३४,३२७.०० | ० | ५२,३४,३२७.०० | १४,२३,१९९.०० | १४,२३,१९९.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | (१,६१,२०,९४६.००) | ३९,४७,३४२.६१ | | ३९,४७,३४२.६१ | १,१८,९३,५०७.५५ | १,१८,९३,५०७.५५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २,९५,९२,५१३.०८ | | २,९५,९२,५१३.०८ | ३,७७,२७,६८०.३६ | ३,७७,२७,६८०.३६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (१,६१,२०,९४६.००) | ३,३५,३९,८५५.६९ | | ३,३५,३९,८५५.६९ | ४,९६,२१,१८७.९१ | ४,९६,२१,१८७.९१ |
| | | | | | | |
| बैंक तथा नगद बाकी | | ३,३६,३९,८५५.६९ | | ३,३६,३९,८५५.६९ | १,०८,१७,९००.४० | १,०८,१७,९००.४० |

कार्यालयबाट पेश भएको एकिकृत आय-व्यय विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | आय | रकम रु. | क्र.सं. | व्यय | रकम रु. |
|---|---|---|---|---|---|
| १ | गत बर्षको जिम्मेवारी | | १ | चालु खर्च/पुंजिगत खर्च/वित्तिय व्यवस्था | |
| | क) बैंक मौज्दात | १६७१३८२९.८९ | | क) नगरपालिका चालु खर्च | १२१७९४१७८ |
| | ख) धरौटी बैंक मौज्दात | ६८५७६४८.३६ | | ख) संघिय सरकार शर्सत चालु खर्च | १७४०५०२३० |
| २ | धरौटी प्राप्ति | २९३९७०८.०० | | ग) नगरपालिका पूँजीगत खर्च | १३४२४८२३७ |
| ३ | संघबाट प्राप्त | | | घ) संघिय सरकार शर्सत पूँजीगत | ४८४४८३२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खर्च | |
| | क) वित्तीय समानिकरण अनुदान | १२८३०००००.०० | | ङ) प्रदेश सरकार पूँजिगत खर्च | १५४२९१४३ |
| | ख) सशर्त अनुदान | २१२१८२७१८.०६ | | च) नगरपालिका वित्तिय व्यवस्थापन खर्च | ४०००००० |
| | ग) विशेष अनुदान | १३४५८२८९.०० | २ | अन्य खर्च | |
| | घ) राजस्व वाँडफाँड (संघ,प्रदेश र मालपोत कार्यालय) | ९४३०९६५७.०४ | | क) ग7-2स्थानीय प्रकोप व्यवस्थापन कोष | ३७७७६७३ |
| ४ | प्रदेशबाट प्राप्त | | | ख) ग.५-१ विविध कोष खाता | २९६९८७१ |
| | क) वित्तीय समानिकरण अनुदान | ८७६८०००.०० | ३ | बिबिध खर्च खाता | |
| | ख) सशर्त अनुदान | १२४४२३१६.०० | | क)समृदी कार्यक्रम रु 12,15,755.00 | ४८२१३४३ |
| | ग) समपुरक अनुदान | २००००००.०० | | ख) प्रदेश तथा स्थानीय शासन सहयोग रु 3,88,000.00 | |
| | घ) विशेष अनुदान | २९८६८२७.०० | | ग) यूनिसेफ नेपाल रु 13,02,693.00 | |
| ५ | बिषयगत शिर्षक निकासा रकम | | | घ) सडक बोर्ड नेपाल रु 19,14,895.00 | |
| | क) सामाजिक सुरक्षा | ९८६४२५६१.०० | ४ | धरौटी फिर्ता | ५२३४३२६ |
| ६ | आन्तरिक श्रोत र जनसहभागिता | ३०१६३६६०.४६ | ५ | बिषयगत शिर्षक खर्च रकम | |
| ७ | अन्य कोष | | | क) सामाजिक सुरक्षा | ९८६४२५६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क)ग7-2प्रकोप व्यवस्थापन कोष बेमौसमी वर्षाका कारण धानबालीको क्षती रकम रु 2363904.00 समेत | ६४८०८४४.८३ | ६ | बाँकी मौज्दात<br>क) धरौटी मौज्दात रु. 4563030.36 | |
| | ख) ग.५.१ स्थानीय तह विविध कोष खाता | ५८८८३३९.०० | | ख)संचित कोष मौज्दात रु.1460048.42 | |
| | ग)ग 2-7 विविध खर्च खाता i.गत वर्ष रु.15755.00 | ४८२१३४३.०० | | ग)चालु खर्च जोर वर्ष रु.८९४५२१८।१६ | |
| | ii.समृदी कार्यक्रम रु.12,00,000.00 | | | घ) पूँजीगत खर्च जोर वर्ष रु.१३१३८४८८।४० | |
| | iii.प्रदेश तथा स्थानीय शासन सहयोग रु.3,88,000.00 | | | | |
| | iv. यूनिसेफ नेपाल रु 13,02,693.00 | | | च)प्रकोप व्यवस्थापन कोष रु.2703171.83 | |
| | v. सडक बोर्ड नेपाल रु 19,14,895.00 | | | | |
| | गो.भा.नं. ५१७ बाट रिभर्स गर्दा दोहोरो डेविट भएको रकम | १९८५६९.४८ | | झ)ग.5.1 विविध कोष खाता रु.2918468 | ३३७३८४२५ |
| | **जम्माः-** | **६४७१५४३११.१२** | | **जम्माः-** | **६४७१५४३११** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.१ | | | यस कार्यालयको गत बर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२,६०,९६,०२१।०८ बाँकी मौज्दात उल्लेख भएकोमा यस बर्ष लेखापरीक्षणमा पेश भएको एकीकृत आर्थिक विवरण अनुसार बैंक मौज्दात रु.१,६७,१३,८२९।८९, धरौटी बैंक मौज्दात रु.६८,५७,६४८।३६ र विविध खर्च खातातर्फ रु.१५,७५५। गरी रु.२,३५,८७,२३३।२५ गत बर्षको जिम्मेवारी अ.ल्या.गरेको हुँदा रु.२५,०८,७८७।८३ घटी मौज्दात जिम्मेवारी सारेको छ । वित्तिय विवरण तयार गर्दा गत बर्षको बाँकी मौज्दात नै यस बर्ष जिम्मेवारी सार्नुपर्नेमा घटी रकम जिम्मेवारी अ.ल्या.गरेको हुँदा सो को प्रमाण पेश गर्नुपर्ने रु....... | २,५०८,७८७ |
| ३.२ | | | स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७६(२) मा स्थानीय तहले आफनो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गरेको छैन । यस पालिकाले सन्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेष्ता अनुसार रु.३,३६,३९,८५५।६९ बाँकी रहेकोमा बैंक स्टेटमेन्ट अनुसार रु.३,३७,३८,४२५।१७ बाँकी रहेकाले रु.९८,५६९।४८ फरक पर्न गएको हुँदा बैंक हिसाब मिलान विवरण तयार गरी एकिन गर्नुपर्दछ । | |

| बैंकको नाम | खाता नं | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०१०१०००० | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०१०२०००० | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०१०३०००० | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०२०१०००० | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | १,००,०००.०० | ८९४५२१८।१६ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०२०३०००० | ग २.३, पूँजिगत खर्च खाता- | ० | १३१३८४८८।४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | |
|---|---|---|---|---|
| | | विजोर वर्ष | | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०२०५०००० | ग २.५, वित्तीय व्यवस्था खर्च खाता- विजोर वर्ष | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०२०७०००० | ग २.७, विविध खर्च खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०३०००००० | ग ३.१, स्थानीय तह धरौटी खाता | ४५,६३,०३०.३६ | ४५६३०३०\|३६ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०४०१०००० | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २,३३,५५,१८५.५० | १४६००४८\|४२ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२१०१००३०५०१०००० | ग ५.१, स्थानीय तह विविध कोष खाता | २९,१८,४६८.०० | २९१८४६८ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १२०१००३०७०२०००५ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २७,०३,१७१.८३ | २७०३१७१\|८३ |
| | | **जम्मा** | **३,३६,३९,८५५.६९** | **३,३७,३८,४२५\|१७** |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **त्रैमासिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
(रु हजारमा)
<table>
<tr><th>क्र.स.स</th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th colspan="4">त्रैमासिक खर्च (रु हजारमा)</th><th></th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेश्रो त्रैमासिक</th><th>चौथौं चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>१९८१२६</td><td>१९३६५</td><td>४४८०१</td><td>६३२२८</td><td>७०७३२</td><td>३४५३७</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>९.७७</td><td>२२.६१</td><td>३१.९१</td><td>३५.७</td><td>१७.४३</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.१९ करोड ८१ लाख २६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा खर्च रु १ करोड ९३ लाख ६५ हजार अर्थात ९.७७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.४ करोड ४८ लाख १ हजार अर्थात २२.६१ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.६ करोड ३२ लाख २८ हजार अर्थात ३१.९१ प्रतिशत र चौथौं त्रैमासिकमा रु.७ करोड ७ लाख ३२ हजार अर्थात ३५.७० प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु.३ करोड ४५ लाख ३७ हजार अर्थात १७.४३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिन्छ । जसले गर्दा सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थिति<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
(रु हजारमा)
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१०३००</td><td>७४५२</td><td>१.२५</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>३०४३०५</td><td>२७७२३६</td><td>४६.५४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१२६२६९</td><td>१०६८७७</td><td>१७.९४</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१६८५९</td><td>९७९०</td><td>१.६४</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१३७९२९</td><td>९६६१३</td><td>१६.२२</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५९५६६२</td><td>४९७९६८</td><td>८३.६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी रु २७ करोड ७२ लाख ३६ हजार अर्थात कूल विनियोजित बजेटको ४६.५४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धमा कूल विनियोजित बजेटको सबै भन्दा घटी रु.९७ लाख ९० हजार अर्थात कूल बिनियोजित बजेटको ०.६४ प्रतिशत खर्च भएको छ । पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>
शुन्य प्रगति<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकालाई अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट विनियोजित निम्न बमोजिमका रु ४ लाखभन्दा माथिका रु.७५ लाख ८५ हजारका स्वीकृत कार्यक्रमहरु कार्यान्वयन हुन नसकी प्रगति शुन्य रहेको छ । कार्यालयले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।<br>
रु. हजारमा
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>खर्च शीर्षक</th><th>स्रोत</th><th>विनियोजन</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>वडा नं.९ मुस्लिम सामुदायिक भवन निर्माण गर्ने कार्य ।</td><td>३११११</td><td>नेपाल सरकार - समानिकरण अनुदान</td><td>४००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>फोहोर व्यवस्थापनको लागि जग्गा खरिद गर्ने कार्य ।</td><td>३१११४</td><td>राजस्व बाँडफाँड –स्थानीय</td><td>४२००</td><td>०</td></tr>
<tr><td>३</td><td>चन्देश्वर सहनीको घरदेखि लालबाबु राय यादवको फुलवारी सम्म माटोपुरी ग्रेभल गरी सडक निर्माण गर्ने कार्य ।</td><td>३११५१</td><td>नेपाल सरकार - समानिकरण अनुदान</td><td>८००</td><td>०</td></tr>
<tr><td>४</td><td>पुनरावेदन अदालतको फैसला बमोजिम साविक वडा नं. ६ मा मदर्शा देखि बाँध सम्म माटोपुरी ग्रेभल गर्ने कार्यको भुक्तानी दिन बाँकी</td><td>३११५१</td><td>आन्तरिक श्रोत</td><td>५८०</td><td>०</td></tr>
<tr><td>५</td><td>वडा नं.२ मा विभिन्न सडक मर्मत गर्ने कार्य</td><td>३११५९</td><td>आन्तरिक श्रोत</td><td>४००</td><td>०</td></tr>
<tr><td>६</td><td>गुदरी बजारमा रहेको मातृशिशु स्वास्थ्य सेवा भवनमा हैण्डपाइप जडान गर्ने कार्य गौर १</td><td>३११५९</td><td>आन्तरिक श्रोत</td><td>४०५</td><td>०</td></tr>
<tr><td>७</td><td>पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ योजना निर्माण वा मर्मत सम्भार</td><td>३११५६</td><td>नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)]</td><td>४००</td><td>०</td></tr>
<tr><td>८</td><td>पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ योजना निर्माण वा मर्मत सम्भार</td><td>३११५९</td><td>नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)]</td><td>४००</td><td>०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७५८५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ९ वडाको लागि वडागत ६७ र पालिकास्तरका १९४ गरि कुल २६१ योजनामा वजेट विनियोजन गरेको छ । | |

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० सम्मका योजना | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १९४ | २८ | ६९ | ९७ |
| २ | वडास्तरीय | ६७ | ० | ११ | ५६ |
| | **जम्मा** | **२६१** | **२८** | **८०** | **१५३** |

| | | | | |
|---|---|---|---|---|
| | | | उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २२६ योजनामात्र कार्यान्वयन भई ३५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ८ | | | **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक बिल भरपाई र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म म्याद नाघेको पेश्की रु.६८३१३६८।०० पेश्की फछर्यौट हुन नसकी पेश्की बाँकीको रहेको छ । म्याद नाघेको पेश्की रु..... | ६,८३१,३६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की रु |
|---|---|---|---|
| १ | सडक बत्ती जडान तथा मर्मत गर्ने कार्य | बसन्त कुमार झा | ९८५०० |
| २ | सडक बत्ती जडान तथा मर्मत गर्ने कार्य | मनोज कुमार पटेल | ९८५०० |
| ३ | सडक बत्ती जडान तथा मर्मत गर्ने कार्य | विनोद पासवान | ९८५०० |
| ४ | उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु | दिनबन्धु प्रसाद यादव | २९१७२५ |
| ५ | विभिन्न सभा सम्मेलन उद्धघाटन तथा समापन खर्च | राजन केशरी | १५०००० |
| ६ | कर्मचारीहरुको क्षमता अभिबृद्धीको लागि तालिम कार्यक्रम संचालन | जितेन्द्र कुमार भारती | ४००००० |
| ७ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | सलोनी केशरी | १००००० |
| ८ | सवारी साधन मर्मत खर्च | गेना पडित कुम्हार | ५०००० |
| ९ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | कुमारी खुश्वु | १५०००० |
| १० | खेलकुद प्रवर्द्धन कार्यक्रम । | बसन्त कुमार झा | ६०००० |
| ११ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | दिनबन्धु प्रसाद यादव | ३००००० |
| १२ | पालिका स्तरमा ः टाईफाइड खोप अभियान संचालन | प्रमोद राय यादव | १५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १३ | सभा सञ्चालन खर्च | जितेन्द्र कुमार भारती | ४००००० |
| १४ | क्षयरोगका जोखिम समुह | दिनबन्धु प्रसाद यादव | १२०००० |
| १५ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | दिनबन्धु प्रसाद यादव | २००००० |
| १६ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | दिनबन्धु प्रसाद यादव | २५७००० |
| १७ | सिबिआईएमएनसिआई Onsite कोचिंङ्ग र समता तथा पहुँच कार्यक्रम | दिनबन्धु प्रसाद यादव | २००००० |
| १८ | पालिका स्तरमा ः टाईफाइड खोप अभियान | प्रमोद राय यादव | १४९००० |
| १९ | पत्रकारहरुलाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम । | स्थानीय विकाश केन्द्र | १५०००० |
| २० | पत्रकारहरुलाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम । | स्थानीय विकाश केन्द्र | ५०००० |
| २१ | वडा नं. ४ को विभिन्न सडकमा माटोपुरी ग्रेभल गर्ने कार्य । | विभिन्न सडकमा माटोपुरी ग्रेभल गर्ने कार्यको उ.स.गौर ४ | २२९१८ |
| २२ | मुस्लिम टोलमा सामुदायिक भवन निर्माण गर्ने कार्य गौर | मुस्लिम टोलमा सामुदायिक भवन निर्माण गर्ने कार्यको उ.स.गौर ९ | ५००००० |
| २३ | विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | मा.वि.गौर ५ को कक्षा कोठा थप गर्ने कार्यको उ.स.गौर ५ | ६४५००० |
| २४ | नगद जनसहभागिता | सडक, नाला मर्मत गर्ने कार्यको उ.स.गौर ५ | ३६६४९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २५ | गौर न.पा.९,सिर्सिया ट्रान्स्फरमर चौक देखि मुडवलवा जोड्ने ढलान गर्ने कार्य । | सिर्सिया ट्रान्सफरमर चौकदेखि मुडवलवा जोडने ढलान गर्ने कार्यको उ.स.गौर ९ | ८९५००० |
| २६ | नगरक्षेत्रभित्रको विभिन्न सडक मर्मत गर्ने कार्य । | गौर न.पा.को विभिन्न सडक मर्मत गर्ने कार्यको उ.स.गौर ५ | ३८०००० |
| २७ | नगद जनसहभागिता | श्री सामुदायिक भवन निर्माण उपभोक्ता समिति | २८७२३३ |
| २८ | नगद जनसहभागिता | सडक, नाला मर्मत गर्ने कार्यको उ.स.गौर ५ | १३२००० |
| २९ | पुजाआजा खर्च | यूवराज पटेल | २९५०० |
| ३० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | शशिनन्दन गुप्ता | १००००० |
| | | **जम्मा** | **६८३१३६८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आन्तरिक नियन्त्रण**<br>**ऐन नियमको पालना** : नगरपालिकाले पालना गर्नुपर्ने विभिन्न ऐन नियम निर्देशिका लगायतका कानूनी व्यवस्थाको पालना भएको स्थिति निम्नानुसार देखिएको छ :<br>• **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । नगरपालिकाबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउन, वित्तीय जोखिम न्यूनीकरण गर्न एवं वित्तीय विवरणलाई विश्वसनीय बनाई बिकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न उपयुक्त तवरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नगरपालिकाले यस बर्ष पुँजिगततर्फ रु.१९ करोड ८१ लाख २५ हजारको खरिद कार्य गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गरेको छैन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन ।<br>• संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको २०७३।१२।२५ को परिपत्रको बुँदा नं १७ मा उल्लेख भए बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख राखी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजूको लगत अध्यावधिक गरेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।<br>• निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ मा ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन उपप्रमुखबाट भएको र प्रतिवेदन पेश गरेको पाईएन ।<br>• सामान खरिदको लागि संझौताअनुसार तोकिएको मितिमा कार्यालयमा सामान प्राप्त नभएमा संस्थासँग खरिद प्रक्रिया रद्द गर्ने भनेकोमा सो शर्त पालना हुने गरेको पाईएन । | |
| १० | १२० र १२३ | | **बजेट विपरित खर्च गरेको**<br>नगर सरसफाई तथा सामाग्री खरिद गर्न भनी पूँजीगत तर्फको ३११५८ (सरसफाई संरचना निर्माण) शीर्षकमा रु.८०००००।०० बजेट व्यवस्था भएकोमा गो भौ नं १२० र १२३ बाट झाडु, तार, फिनाइल, हर्पिक, ओडोनिल जस्ता खर्च भएर जाने सामान खरिद गरी रु.९९९५८२।०० खर्च लेखेको देखियो । पूँजीगत शीर्षकमा सरसफाई पूर्वाधार निर्माण गर्न विनियोजित बजेटबाट खर्च हुने सामान खरिद गरी खर्च लेखेको नियमित नदेखिएको रु......... | ९९९,५८२ |
| ११ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयद्बारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या२०७४ मा खर्च संकेत नं २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन प्रदर्शन निमन्त्रण तथा भोजहरु सम्बन्धि खर्च कार्यालयय सुरक्षा सम्बन्धि आवश्यक खर्च प्रतिनिधि मण्डलको स्वागत र अतिथि सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ ।पालिकाले यस वर्ष चालुतर्फबाट रु.११ लाख ७४ हजार र पूँजीगतबाट रु१ लाख २७ हजार गरी जम्मा रु१३ लाख १ हजार खाना खाजामा खर्च गरेको छ ।त्यस्तै सभा संचालन कार्यमा रु४ लाख खर्च गरेको छ । उक्त व्याख्या र वर्गीकरण अनुसार खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ । | |
| १२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष खेलकुद, पर्व, बिरामी, पुजाआजा, विभिन्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मठ मन्दिरको लागि रु.११ लाख ४७ हजार आर्थिक सहायता वितरण गरेको छ ।यस प्रकार आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १३ | | | **कर्मचारी व्यवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।पालिकामा स्थायी हसचा १ जना भएकोमा करारमा थप ३ जना, स्थायी दमकल प्रहरी २ जना भएकोमा करारमा थप १ जना, स्थायी भसचा १ जना रहेकोमा करारमा थप २ जना, स्थायी कार्यालय सहयोगि १३ जना रहेकोमा करारमा थप २४ जना, स्थायी स्वीपर ९ जना रहेकोमा करारमा थप ३ जना, २ जना ट्र्याक्टर ड्राइभर राखेको र सरसफाईकर्मी २५ जना राखेको छ । व्यवस्थापन सर्वेक्षण नगरेकोले उपर्युक्तअनुसारको पद कार्यालय व्यवस्थापनको लागि आवश्यक हो होइन यकीन हुन सकिएन ।तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो/ स्वीकृत दरवन्दी वेगरको पदमा कर्मचारी राखी तलव भत्ता भुक्तानी गरेको पाइयो । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्यमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगर विभिन्न पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु........ | ८,८२३,०३६ |

| **पदको नाम** | **स्वीकृत दरवन्दी** | **पदपूर्ति** | **दरबन्दी भन्दा बढी पदपूर्ति** | **भुक्तानी तलब** |
|---|---|---|---|---|
| सामाजिक विकास अधिकृत | ० | १ | १ | ५७८२५८ |
| नाप्रस पाचौं | ० | १ | १ | ५१०५३७ |
| कम्प्युटर अपरेटर | १ | ३ | २ | ८०५२०० |
| सहायक कम्प्युटर अपरेटर | ० | १५ | १५ | ३३९७९६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वरिष्ठ सामाजिक परिचालक</td><td>०</td><td>१</td><td>१</td><td>४९३८७०</td></tr>
<tr><td>पाचौं</td><td>७</td><td>११</td><td>४</td><td>१९३४२११</td></tr>
<tr><td>सुभरभाइजर</td><td>०</td><td>५</td><td>५</td><td>११०३०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८८२३०३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>तलबी प्रतिवेदन<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा पालिकाले स्थानीय तहतर्फका कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी रु२ करोड ३६ लाख ९२ हजार तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>दरबन्दी भन्दा बढी इन्जिनियर<br>संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयअनुसार गौर नगरपालिकामा २ जना इन्जिनियरको दरबन्दी रहेको छ ।नगरपालिकाको स्थायी दरबन्दीमा बढुवा गरी २ जना ईन्जिनियर पदपूर्ती भएकोमा करारमा थप २ जना इन्जिनियर राखी मासिक क्रमशः रु.३४०००। र रु.३२०९०। भुक्तानी हुने गरी वर्षभरीमा रु.८५९१७०। तलब भुक्तानी भएको छ । दरबन्दीभन्दा बढी हुनेगरी कर्मचारी नियुक्ति गर्न मिल्दैन । दरबन्दी बढी कर्मचारी राखि भुक्तानी भएको तलब नियमसम्मत नदेखिएको रु......</td><td>८५९,१७०</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>करार कर्मचारी<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.२ करोड २१ लाख ६६ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायत तथा कार्यक्रमका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा ८ जना करार नियुक्ति गरी वर्षभरिमा रु.१३०९७३०। भुक्तानी गरेको अनियमित देखिएको रु.... | १,३०९,७३० |
| १७ | | | **अवकास कोष**<br>स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्ति भरण औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।उक्त अवकास कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा सहित गर्नुपर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिक देखि १० प्रतिशतको योगदान व्यवस्था अपनाउनुपर्नेमा अपनाएको देखिएन ।कानूनको व्यवस्था तत्काल पालना गरिनुपर्दछ । | |
| १८ | | | **गुदरी बजारको ठेक्का**<br>लेखापरीक्षणको क्रममा गुदरी बजारको ठेक्का रु२७५०००। मा लागेकोमा ठेक्का प्रकृयाको फाइल पेश भएको पाइएन । बजार ठेक्काको फाइल पेश हुनुपर्ने रु...... | २७५,००० |
| १९ | | | **ठेक्का नलागेको**<br>नगरपालिकाको राजश्व शाखाको विवरण अनुसार पालिका भित्र बराहा ताल, गौर बजार ठेक्का लागेको देखिएन । पालिका अन्तर्गत के कति सार्वजनिक पोखरी र अन्य आयको श्रोत रहेका छन् त्यसको अभिलेख अद्यावधिक गरी सबै आयको श्रोतको ठेक्कामा लगाई आय बृद्धि गर्नुपर्दछ । पालिकाले बाँकी रहेको आन्तरिक आम्दानीको श्रोतको ठेक्का लगाउने तर्फ ध्यान दिदैं आन्तरिक आय बढाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **लगत अद्यावधिक गरी नराखेको -** पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ । | |
| २१ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पालिकाले आन्तरिक आयको असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २२ | | | **राजश्व प्राप्तिको श्रोत -** नगरपालिकाले राजश्व प्राप्त हुने श्रोतको व्यवस्थित अभिलेख राखि त्यसबाट प्राप्त भएको राजस्व यथार्थ विवरण राख्नुपर्दछ ।पालिकाको राजस्व सम्बन्धि वार्षिक प्रतिवेदन अनुसार जम्मा आय रु.१,००,७७,९२१। भएको देखिएकोमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को विवरण अनुसार जम्मा राजस्व रु.१४५४०३६१। प्राप्त भएको छ ।राजश्व रु.४४६२४३९।को विस्तृत विवरण पेश भएको छैन ।यसबाट पालिकाले के कति प्राप्त हुनुपर्ने र कति प्राप्त भएको यथार्थ राजस्व विवरण पेश भएको देखिएन । | |
| २३ | | | **कोभिड १९ नियन्त्रण सम्बन्धी खर्च -** कोभिड १९ महामारी नियन्त्रण गर्न नगरपालिकाले गत वर्ष २०७७।७८ को २०७८ आषाढ महिनामा खरिद गरेका निम्न सामाग्रीहरुको यो वर्ष भुक्तानी गरेको रु.३२७७७९०।०० र यो वर्ष खरिद गरेको रु.४९९८८३।०० समेत रु.३७७७६७३।०० विपत व्यवस्थापन कोषबाट खर्च गरेको देखिएको छ । | |

| गो भौ नं मिति | सामान आपूर्ती गर्ने फर्म | बिल मिति | खरिद विवरण | रकम |
|---|---|---|---|---|
| ३।०७८।६।४ | शाह इम्पेक्स गौर | २०७८।३।२६ | प्रचार प्रसार सामाग्री छपाइ | २७१२०० |
| ४।०७८।६।५ | बुढियामाई सप्लायर्स गौर | २०७८।३।१६ | ब्लिचिङ्ग पाउडर २३०० के जी | ४९६४०९ |
| ५।०७८।६।५ | शारधा ट्रेडिङ्ग कन्सर्न गौर | २०७८।३।१६ | लाइफ ज्याकेट १०० थान, पि पि रोप २९ केजी | ३८२१६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| ६।०७८।६।१२ | सनलाईन निर्माण सेवा गौर | २०७८।३।१६ | डसना ८० थान, पन्ना १०० थान , झुल ५० थान , तकिया १०० थान , ब्रस टुथपेष्ट इन्भरटर ब्याट्री आदि | ४९६५२२ |
| ७।०७८।६।१३ | नमन ट्रेडर्स एण्ड सप्लायर्स गौर | २०७८।३।२५ | सेनिटाइजर २०३४००।०० | ३१५६०० |
| | | | ब्लिचिङ्ग पाउडर ११२२००।०० | |
| ८।०७८।६।१५ | राधाकृषेण ट्रेडर्स एण्ड सप्लायर्स चन्द्रपुर ४ रौतहट | २०७८।३।२४ | फलामको सिंढि | २२६००० |
| ११।०७८।७।३ | दिलिप कम्प्युटर एण्ड कम्यूनिकेशन कर्नर, गौर | २०७८।३।२५ | व्याग १० थान ६६६७० | ९४३२६ |
| | | | रेनकोट १० थान ६२१५ | |
| | | | सेनिटाइजर, मास्क २१४४१ | |
| १३।०७८।९।८ | ओमसाई जेनरल एण्ड अर्डर सप्लायर्स | २०७८।३।२२ | मास्क सेनिटाइजर सावुन डिस्पेन्सर | ४९८३६७ |
| १४।०७८।११।१२ | आरसा एण्ड ब्रदर्श कर्पोरेशन गौर | २०७८।३।३१ | मास्क हेण्डवास सावुन | ४९७२०० |
| १०।०७८।६।२१ | गणपति अफसेट प्रेस गौर | २०७८।६।१९ | मास्क सेनिटाइजर | ४९९८८३ |
| | | | **जम्मा** | **३७७७६७३** |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>गत वर्ष (२०७७।७८) को आषाढमा बोधीमाई व्यापार कन्सर्नबाट सेनिटाइजर खरिद गरी गो भौ नं २२।२०७८।३।३० बाट रु. ४९४९४०।०० भुक्तानी गरेको र यो वर्ष भुक्तानी गरेको तर २०७८ आषाढमा खरिद गरेको मास्क, सेनिटाइजर, सावुन, हेण्डवास, ब्लिचिङ्ग पाउडर जस्ता सामान मात्र रु.१९०१९०२।०० समेत रु.२३९६८४२।००, आइसोलेसन सेन्टरको लागि</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | डसना तन्ना, झुल आदि खरिद रु. ४९६५२२।००, प्रचार सामाग्री छपाइ रु.२७१२००।००, लाइफ ज्याकेट, डोरी रु. ३८२१६६।०० र अन्य सामान रु. २२६०००।०० समेत रु. ३७७२७३०।०० मूल्यको सामाग्री २०७८ आषाढमा मात्र खरिद गरेको देखिएको छ । २०७८ आषाढमा कोभिड १९ को प्रकोप सामान्य भैसकेको र ती सामानको प्रयोग सम्बन्धमा माग फारामहरु लेखापरीक्षणको क्रममा माग गर्दा प्राप्त हुन नसकेको स्थिति रहेकोले उक्त खरिद र उपयोग सम्बन्धमा छानबिन गरी यकिन हुनुपर्ने देखिएको रु....... | ३,७७२,७३० |
| २३.२ | १० | | २०७८।६।१९ मा रु. ४९९८८३।०० मूल्यको मास्क, सेनिटाइजर खरिद गरी भुक्तानी गरेकोमा त्यस समयमा कोभिड १९ को प्रकोप ज्यादै न्यून भैसकेको र ती सामाग्री सम्बन्धमा खर्चका माग फारामहरु लेखापरीक्षणमा पेश नभएकोले उक्त खरिद भएका सम्बन्धमा यकिन गर्न नसकिएको रु....... | ४९९,८८३ |
| २४ | | | **धरौटी** | |
| २४.१ | | | **कर समायोजन बेगर धरौटी फिर्ता** : धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजश्व कार्यालयले जारी गरेको कर चुक्ता प्रमाणपत्र तथा मू अ कर समायोजन पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले विभिन्न आपूर्तिकर्ता तथा निर्माण व्यवसायीहरुलाई निजको भुक्तानीमा कट्टी गरेको धरौटी फिर्ता दिँदा मुल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न नगरी फिर्ता गरेको छ । सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी भएको कार्यालयबाट भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्दछ । | |
| २४.२ | | | **उपभोक्ता समितिको धरौटी फिर्ता सम्बन्धमा**<br>विभिन्न उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा कट्टी गरेको धरौटी फिर्ता गर्दा प्राविधिकद्धारा सम्बन्धित कामको निरीक्षण गरी अनुगमन प्रतिवेदन लिए पश्चात कुनै मर्मत कार्य गर्नुपरेमा उक्त धरौटी रकमबाट मर्मत गराई बाँकी रकम फिर्ता गर्नुपर्नेमा सम्बन्धित प्राविधिकको प्रतिवेदन वेगर धरौटी फिर्ता गर्ने गरेको छ । यो वर्ष हेन्ड पम्प जडान कार्यको भुक्तानी गर्दा धरौटी कट्टी गरेकोमा गोश्वारा भौचर नम्बर ३९,मिति ०७८।११।१० बाट रु.२,४८,०००। र भौचर नम्बर ४५ मिति ०७८।१२।१ बाट रु.४,१९,०००। उपभोक्ता समिति अध्यक्ष रुपेश कुमार यादबलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फिर्ता गरिएको छ । सम्बन्धित प्राविधिकको प्रतिवेदन लिएर मात्र उपभोक्ता समितिको धरौटी फिर्ता गर्नुपर्दछ । | |
| २५ | ४७ | २०७९-३-२३ | **धरौटी कट्टी नगरेको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार कुनै बिलको भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं.४७,०७९।३।२३ बाट एस्कोन कन्स्ट्रक्शनलाई भुक्तानी गर्दा पाँच प्रतिशतले हुने धरौटी रु.४२८१२। कट्टी नगरी भुक्तानी गरेकोले सम्बन्धितबाट धरौटी असुल गरी धरौटी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. रु.... | ४२,८१२ |
| २६ | | | **महोत्सव तथा अनुत्पादक खर्च**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले शुभकामना आदान प्रदान, स्वागत, बिदाई, पुजा जस्ताकार्यक्रम राखी निम्न अनुसार रु. १७७९२३०। खर्च गरेको छ ।जसको केहि उदाहरण निम्न बमोजिम उल्लेख गरिएको छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस्तो अनुत्पादक प्रतिफल बिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | जितेन्द्र कुमार भारती | दिपावली तथा छठ पुजा | ९२५५३० |
| २. | राजन केशरी | नवनिर्वाचित उपप्रमुखको पदभारग्रहण तथा स्वागत कार्यक्रम | ५०००० |
| ३. | वडा नं.४ | कृष्णाष्टमी पर्वमा | ३३९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४. कास राजन केशरी — पुजा — १२०००० <br> ५. शिवशंकर कुमार साह — २५०००० <br> ६. वडा सचिव मनोज पटेल — पुजा — ५०००० <br> ७. सहायक चौथौ शिवशंकर कुमार साह — पुजा — २५०००० <br> ८. सलोनी केशरी — महिला दिवस — ५०००० <br> ९. नारी चेतना महिला कृषक सहकारी संस्था लि.गौर — १०००० <br> १०. सोहन चिया नास्ता पसल एण्ड जेनरल स्टोर्स गौर — जनप्रतिनिधिको पदभार ग्रहण कार्यक्रम — ३९८०० <br> **जम्मा** **१७७९२३०** | |
| २७ | २२२ र २८९ | | **छुट नकटाइ भुक्तानी गरेको** <br> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (५) मा विल विजकको भुक्तानी गर्दा छुट दिने उल्लेख भएकोमा सो छुट कट्टा गरी भुक्तानी गर्ने व्यवस्था छ । त्यस कार्यालयले वडा नं ५ मा रहेको माध्यमिक विद्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायी सूर्य विक्रम निर्माण सेवालाई गो भौ नं २२२ र २८१ बाट मू अ कर समेत रु.२९२६३०५।०० भुक्तानी गर्दा निजले उक्त मूल्यमा १ प्रतिशत छुटमा काम गर्नेगरी बोलपत्र पेश गरेकोले सो छुट नकटाई भुक्तानी दिएको कारण रु.२९२६३।०० बढी भुक्तानी भएको छ । उक्त रकम निजबाट असुल हुनुपर्ने रु......... | २९,२६३ |
| २८ | | | **निर्माण व्यवसायीलाई क्षतिपूर्ती भुक्तानी** <br> गौर नगरपालिका वसपार्क निर्माण गर्न गत विगत वर्ष निर्माण व्यवसायी रसुवा / आश्रय जे भी सँग सम्झौता भई निर्माण कार्य भएकोमा निर्माण व्यवसायी र कार्यालयबीच सम्झौता कार्यान्वयन सम्बन्धमा विवाद उत्पन्न भै नेपाल मध्यस्थथा परिषदमा विवाद समाधानको लागि गएकोमा सो परिषदले २०७३।९।५ र २०७६।५।६ मा निर्णय गरी नगरपालिका कार्यालयले निर्माण व्यवसायीलाई रु.१२३७७११३।१९ क्षतिपूर्ती दिनुपर्ने उल्लेख गरेको देखिन्छ । परिषदको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | उक्त निर्णय नगपालिकाले कार्यान्वयन नगरेको कारण निर्माण व्यवसायीले काठमाण्डौ जिल्ला अदालतमा मद्धा दायर गरेको अदालतले परिषदको निर्णय कार्यान्वयन गर्नुपर्ने फैसला गरेको र फैसला कार्यान्वन गर्न नगरपालिकाले विभिन्न खातामा रहेको रु.१७००५९९८।६० सो अदालतको आदेशबाट बैंकबाट सिधै अदालतको धरौटी खातामा ट्रान्सफर गरेको देखियो । उक्त रकम पालिकाले गो भौ नं १६९, १९६ र २४४ बाट खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| २८.१ | | | उक्त मुद्धा सम्बन्धी विस्तृत विवरणको फाइल लेखापरीक्षणमा पेश भएन । | |
| २८.२ | | | नगरपालिका कार्यालयले नेपाल मध्यस्थता परिषदको निर्णय समयमै कार्यान्वयन नगरेको कारण व्याज रु.४२९९५५९।८५, प्रशासनिक र अन्य शुल्क रु २६७४४०।०० र कोर्ट फि रु ६१८८५।५६ समेत रु. ४६२८८८५।४१ अतिरिक्त खर्च गर्नु परेको देखियो । यस तर्फ नगरपालिकाको तत्कालिन प्रशासनिक नेतृत्वले ध्यान नपुर्याउँदा अतिरिक्त व्ययभार परेको पाइयो । | |
| २९ | | | **सडक बत्ती जडान तथा मर्मत कार्य**<br>नगरपालिका क्षेत्रभित्र नयाँ सडक बत्ति जडान गर्ने र पुरानो सडक बत्तिहरुको मर्मत गर्ने प्रयोजनको लागि रु.६८६००००।०० विनियोजन गरेकोमा निम्नानुसार रु.६७९३६३५।०० खर्च गरेको देखियो । | |

| गो भौ नं मिति | भुक्तानी प्राप्त गर्ने | खर्च विवरण | रकम |
| --- | --- | --- | --- |
| ८५।२०७८।८।१२ | कार्यालय सहयोगी दिपक राय | बाँसको भर्याङ्ग निर्माण | १८६५० |
| १७१।२०७८।१०।२४ | जि टि ग्रुप | सोलार लाइट मर्मत | ४४३६३८ |
| २३१।२०७८।१२।१ | पृथ्वी इन्टरप्राइजेज, गौर | नयाँ सडक वत्ति जडान | ४३८९४४४ |
| ३०४।२०७९।३।२१ | यस जनरल सप्लायर्स | सडक बत्ति मर्मत गर्न आवस्यक सामाग्री खरिद (वल्व, होल्डर, तार | १५३२०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | आदि) | |
| ३०६।२०७९।३।२१ | न्यू ममता ट्रेडिङ्ग विरगंज | २० वाटको Led बल्ब ११८० थान खरिद | ५८६७४९ |
| २८०।२०७९।२।१२ | सफाइ कर्मचारी फुल महमद अंसारी र खरिदार सन्तोष साहको पे फ रु.९५५००।०० का दरले रु.१९७०००।०० र सोधभर्ना रु. १६८२।०० | श्रेष्ठ विजुली पसल गौरबाट वल्व, तार, होल्डर आदि खरिद | १९९६८२ |
| २९०।०७९।३।५ | वडा सदस्य उत्तम कुमार उपाध्यायको पेश्की तथा सोधभर्ना | श्रेष्ठ विजुली पसल, गौरबाट बल्ब, तार खरिद | ९९८१२ |
| २९९।०७९।३।१९ | सहायक पाँचौ मोहमद मुस्तफा पेश्की फर्छ्यौट रु.९८५००।०० का दरले रु.१९७०००।०० र सोधभर्ना रु. २५५३।०० | श्रेष्ठ विजुली पसल, गौर र गणपति ट्रेडर्स, गौरबाट वल्व, तार, होल्डर आदि खरिद | १९९५५३ |
| ३३८।०७९।३।२५ | सहायक कम्प्युटर अपरेटर राहुल यादव पेश्की फर्छ्यौट रु.९७५००।०० | श्रेष्ठ बिजुली पसलबाट वल्व, होल्डर, तार आदि खरिद | ९७५०० |
| १७।०७८।५।२७ | कार्यालय सहयोगी वसन्त कुमार झा, सहायक पाँचौं विनोद पासवान र सहायक पाँचौ मनोज कुमार पटेल | प्रतिव्यक्ति रु.९८५००।०० का दरले पेश्की दिएको | २९५५०० |
| २७७।०७९।१।२८ | आर के ट्रेडिङ्ग कन्सर्न | तार, वल्व, होल्डर आदि खरिद | ३०८००० |
| | | **जम्मा** | **६७९१७३३** |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | नगरपालिका भित्रका सडक बत्तीहरुको मर्मत तथा नयाँ जडानको लागि बजेट विनियोजन गरेपछि मर्मत तथा नयाँ जडान गर्नुपर्ने स्थान र परिमाण यकिन गरी एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट काम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउनुपर्नेमा नयाँ जडान गर्ने कामको रु.४३८९४४४।०० बोलपत्रबाट गराएको र बाँकी रु.२४०३६११।०० सोझै खरिद तथा कर्मचारीलाई पेश्की दिई गराएको देखियो । सार्वजनिक खरिद ऐन, नियमको पालना गरी प्रतिस्पर्धात्मक र मितव्ययी तवरले काम गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २९.२ | | | स्थानीय बजारबाट खरिद हुने बल्व, तार, होल्डरलगायतका सामाग्रीहरु खरिद गर्न समेत ९ जना कर्मचारीलाई रु.९८५००।०० का दरले रु.८८६५००।०० पेश्की दिएको देखियो । उक्त पेश्कीबाट सवै कर्चारीले अधिकांस खरिद कार्य श्रेष्ठ विजुली पसल गौरबाट खरिद गरेको छ । सोझै बिक्रेतालाई भुक्तानी दिई सामान खरिद गर्नुपर्दछ । | |
| २९.३ | १७१ | | पुरानो सोलार लाइट विग्रेको भनी मर्मत गर्न ३ वटा कोटेशन लिएको मध्ये २ वटा कोटेशन सोलार सम्बन्धी काम नगर्ने फर्मबाट लिएकोले खरिद कार्य नियमसम्मत देखिएन । जि टि ग्रुपबाट ८ सेट सोलार लाइट पुरानो हटाई नयाँ राखेको उल्लेख भएकोमा कुन कुन स्थानमा फेरेको हो खुलाएको छैन । ती ८ सेट कुन कन वडाको कुन कुन स्थानमा जडान गरेको हो प्राविधिक प्रतिवेदन सहितको प्रमाण पेश हुनुपर्ने रु..... | ४४३,६३८ |
| २९.४ | | | बोलपत्रको माध्यमबाट Automatic sensor system street लाइट ४२७ सेट जडान गरेको भनी पृथ्वी इन्टरप्राइजेज, गौरलाई गो भ नं २३१ बाट रु. ४३८९४४४।०० भुक्तानी गरेकोमा उक्त कार्यको लागि, रु.४३८९४०४।०० को लागत अनुमान स्वीकृत गरेकोमा उक्त लागत अनुमान के आधारमा तयार गरेको हो, स्ट्रिट लाइट, पोल आदिको दररेट के आधारमा निर्धारण गरेको हो ठेक्का फाइलमा संलग्न नरहेको र लेखापरीक्षणको क्रममा पटक पटक माग गर्दा प्राविधिक शाखाबाट उपलब्ध भएन । लागत अनुमानको आधार पेश हुनुपर्दछ । | |
| २९.५ | | | स्पेशिफिकेशन वमोजिम सामान प्राप्त भएको सुनिश्चित हुने प्राविधिक प्रतिवेदन, गुणस्तर प्रमाणपत्र तथा २ वर्ष वारेण्टी माग भएकोमा वारेण्टीको प्रमाण पत्र वेगर सामान बुझिलिएको देखियो । जडान भएका स्ट्रिट लाइटहरु मध्ये अधिकांस स्थानमा नवलेको, झ्याप झ्याप भइरहने गरेकोले मर्मत गरी लाइट बल्ने बनाउनको लागि पटक पटक जानकारी गराउँदा समेत सप्लायर्सले अटेर गरेको भनी च नं २९७ मिति २०७९।५।६ को पत्रबाट मर्मत गर्न अनुरोध गरेकोमा मर्मत संभार नगरेको भनि धरौटी रु.५८२०००।०० जफत गरी च नं ५७० मिति २०७९।५।२६ को पत्रबाट कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरेको देखियो । निजलाई सो कार्यालयबाट | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कालोसूचीमा राखेको प्रमाण पेश भएको छैन। यसरी सडकमा जडान गरेको लाइटहरुको वारेण्टी अवधि २ वर्ष रहेकोमा सप्लायर्सले सम्झौता वमोजिमको कार्य नगरेकोले २ वर्षसम्म बिग्रेका लाइटहरु फेर्न लगाउनु पर्ने अन्यथा विग्रेका लाइट संख्या यकिन गरी सोको मूल्य असुल गर्नुपर्ने रु.......</td><td>४,३८९,४४४</td></tr>
<tr><td>२९.६</td><td></td><td></td><td>सोही कार्यको खरिद सम्झौता गर्दा वारेण्टी अवधि २ वर्ष रहेकोमा सो अवधि समेत समावेश गरी कार्यसम्पादन जमानत लिनुपर्नेमा सम्झौता अवधि २०७८ चैत्र मसान्त सम्मको मात्र जमानत लिई सम्झौता गरेको देखियो ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.२०२०९८।समेत रु.१७५६०६९।भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । निम्नानुसार फर्महरुको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु......
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>२१-०७८।११।०९</td><td>आर के ट्रेडिङ्ग ट्रेडिङ्ग कन्सर्न</td><td>६१७७४५५९२</td><td>३०५४३९।</td><td>३५१३९।</td><td>२०७८।१०</td></tr>
<tr><td>४७-०७९।३।२३</td><td>एस्कोन कन्स्ट्रक्शन</td><td>३०१५३०४०८</td><td>९६७५६७।</td><td>१११३१३।</td><td>२०७८।३</td></tr>
<tr><td>५-०७८।६।२४</td><td>माँ दुर्गा बिन्दबासिनी निर्माण एन्ड सप्लायर्स प्रा.लि.</td><td>६०६५३८८२४</td><td>४८३०६३।</td><td>५५६४६।</td><td>२०७८।१२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७५६०६९।</td><td>२०२०९८।</td><td></td></tr>
</table></td><td>२०२,०९८</td></tr>
<tr><td>३१</td><td>९९</td><td>२०७८-८-१६</td><td>दर विश्लेषण पेश नभएको - जुद्ध मा वि को अधुरो भवन निर्माण कार्यका उपभोक्ता समितिलाई गौ भौ नं ९९ मिति २०७८।८।१६ बाट रु.२१६६७४१।०० भुक्तानी भएको छ । सो मध्ये झ्यालढोकाको खापाको लागि रु.१४६५३५४।०० भुक्तानी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको छ । झ्याल ढोका खापा प्रति वर्ग मिटर रु.१६२६७।२६ ले ९०.०८० वर्गमिटरको लागि रु.१४६५३५४।०० भुक्तानी हुने गरी सम्झौता भएकोमा सम्पूर्ण रकम भुक्तानी भएको देखिन्छ । उक्त आइटमको दर विश्लेषण पेश भएन । उपभोक्ता समितिले मू अ कर बाहेक रु.४५६९०९।०० मूल्यको काठ खरिद गरेको र १४ थान तयारी खापा खरिद गरेको रु.३३३९००।०० को बिल पेश गरेको छ । यसरी सो आइटमको लागि आवस्यक सामाग्री खरिद गरेको भनी रु.७९०८०९।०० को बिल पेश भएको देखिन्छ । दर विश्लेषण पेश नभएकोले सो आइटमको लागि भुक्तानी दिएको ठीक छ भन्न नसकिएकोले दर विश्लेषण पेश गरी भुक्तानी गर्नुपर्ने रकम यकिन हुनुपर्ने रु...... | १,४६५,३५४ |
| ३२ | | | **डि पि आर तयारी खर्च**<br>विभिन्न आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डि पि आर) तयार गरेको भनी निम्नानुसार रु.१६७९५९०।०० भुक्तानी गरेको देखियो । | |

| गो भौ नं मिति | आयोजना | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| ३५।०७८।६।१२ | नगर क्षेत्रमा चिल्ड्रेन पार्क निर्माण गर्ने | भेक्टर इन्जिनियरिङ्ग सर्भिसेज अनामनगर काठमाण्डौ | ४९४९४० |
| ४५।०७८।६।२० | वडा नं ६ मा सामुदायिक भवन ( विवाह मण्डप ) निर्माण गर्ने | अदिति कन्सल्टेन्सी प्रा लि महालक्ष्मी ललितपुर | ४५०००० |
| २५१।९७८।१२।३० | वडा नं २ मा बानेश्वर मन्दिर निर्माण गर्ने | पानस इन्जिनियरिङ्ग कन्सल्टेन्सी इटहरी सुनसरी | २५०००० |
| ३५३।०७९।१।४ | वडा नं ५ मा सूर्य मन्दिर निर्माण गर्ने | भेक्टर इनिजिनियरिङ्ग सर्भिसेज अनामनगर काठमाण्डौ | ४८४६५० |
| | | **जम्मा** | **१६७९५९०** |

| | | | | |
|---|---|---|---|---|
| ३२.१ | | | वडा नं २ मा बानेश्वर मन्दिर निर्माणका लागि तयार गरेको डि पि आर अनुसार मन्दिर परिसरमा सौचालय, पोखरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण र सौन्दर्यकरण कार्य समावेश भएको र ती कामको लागत अनुमान रु.१,१४,८१ हजार हुने उल्लेख छ । यस्तो स सानो कामको डि पि आर कार्यालयमा मौजुदा प्राविधिकबाटै तयार हुन सक्नेमा वाह्य परामर्शदाता नियुक्त गरी रु. २५००००।०० खर्च गरेको मनासिव देखिएन । | |
| ३२.२ | | | नगरक्षेत्रमा चिल्ड्रेन पार्क निर्माण गर्न भनी तयार गरेको डि पि आर २०७८।१।१६ मा प्राप्त भएकोमा कुन वडाको कुन स्थानमा पार्क निर्माण गर्ने हो जग्गा व्यवस्था नगरी डि पि आर तयार गरेको देखिन्छ भने निर्माण स्थान अभावकै कारण उक्त आयोजना पालिकाबाट अस्वीकृत गरेको देखियो । यसरी पार्क निर्माणस्थलको यकिन नै नगरी डि पि आर गर्न आदेश दिनेलाई कारबाही हुनुपर्ने देखिएको छ ।<br>यस्तै उक्त डि पि आर तयार गर्न २०७७।१२।२० मा सम्झौता भएको र २०७८।१।३० सम्म म्याद भएको उल्लेख छ । परामर्शदाताले पेश गरेको अन्तिम प्रतिवेदनमा प्रतिवेदन २०२० अक्टोबर (२०७७ कार्तिक) मा तयार गरेको देखिएको छ । प्रतिवेदन प्राप्त भएको ६ महिनापछि भुक्तानी दिने प्रयोजनको लागि खरिद प्रकृयाको कागजात तयार गरेको देखिएको छ । डि पि आर अध्ययन गरी प्राविधिक शाखाबाट भुक्तानीको लागि सिफारिस गरेको समेत देखिएन । यस सम्बन्धमा छानविन गरी स्पष्ट हुनुपर्दछ । | |
| ३२.३ | | | माथि उल्लेखित ४ वटा डि पि आर मध्ये बुदा नं ६ मा सामुदायिक भवन (विवाह मण्डप) को काम बाहेक अन्य आयोजनाको लागि पालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत नभएकोले डि पि आर प्रतिवेदन उपयोगमा आएको छैन । ती प्रतिवेदन उपयोगमा आएको प्रमाण पेश हुनुपर्ने रु..... | १,२२९,५९० |
| ३३ | | | **बाल उद्यान (चिल्ड्रेन पार्क ) निर्माणको डिपिआर** | |
| ३३.१ | | | वडा नं.८ मा बाल उद्यान (चिल्ड्रेन पार्क ) निर्माणको डिपिआर तयार गरे बापत भौचर नम्बर ४६, मिति २०७९।३।२३ बाट परामर्शदाता श्री शिवाङ्गी इन्जिनियरिङ्ग कन्सल्टेन्सी लि.लाई रु.१९,९४,२०५। बजेट खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन् :<br>**लागत अनुमान तयार नगरी खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले कुनै परामर्शको लागत अनुमान तयार गर्ने आधार उल्लेख छ भने नियम ६९ मा परामर्श सेवा खरिद गर्न कार्यक्षेत्रगत शर्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले लागत अनुमान तथा TOR तयार नगरी ३ प्रस्ताबदाताबाट आर्थिक तथा प्राबिधिक प्रस्ताब माग गरी खरिद कार्य गरेको छ । लागत अनुमान तयार नगरी सो कामको लागि विनियोजित बजेटलाई आधार मानी परामर्शदाताले प्रस्ताव पेश गरेकोले खरिद कार्य अनियमित हुनुको साथै मितव्ययी समेत देखिएन । साथै के कुन विधि, प्रकृया पुर्याई DPR तयार गर्नुपर्ने हो कार्यालय नै अन्योलमा रहेको र परामर्शदाताले जे जस्तो प्रतिवेदन दिए तापनि स्वीकार गर्ने स्थिति रहेको पाइयो । | |
| ३३.२ | | | **प्राविधिक प्रस्तावको मूल्याङ्कन** : सार्वजनिक खरिद नियमावलीको नियम ७६ मा प्राविधिक प्रस्तावको मूल्याङ्कन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा नियम ७१(६) मा उल्लिखित आधार बमोजिम मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश भएका प्राविधिक प्रस्तावहरुको छुट्टा छुट्टै मूल्याङ्कन नगरी एउटै मूल्यांकन फाराममा मूल्यांकन गरेको छ । परामर्शदाताले पेश गरेको प्राविधिक प्रस्तावमा आयोजना स्थल ईटहरी उपमहानगरपालिकामा रहेको, कहीँ पर्सा रहेको उल्लेख गरेको, प्राविधिक प्रस्तावमा कतै जनजाति संग्रहालय, कतै पोखरी सौन्दर्यकरण, कहीँ अस्पताल निर्माण जस्ता व्यहोरा उल्लेख भएकोले अन्य कामको लागि तयार डिपिआर फाईनल रिपोर्टमा डिजाईन गर्ने आर्किटेक्ट रुकेश श्रेष्ठ, आर्किटेक्ट विनिता यादबको नाम उल्लेख भएको DPR को Paste गरेको देखिन्छ । परामर्शदाता फर्मले पेश गरेको प्राविधिक प्रस्तावमा निजहरुको नाम तथा योग्यता सम्बन्धी विवरण नरहेको तथा पेश गरेका बिशेषज्ञको इक्विभालेन्ट भएको समेत उल्लेख गरिएको छैन । जसले गर्दा मूल्याङ्कन प्रक्रिया वस्तुनिष्ठ, स्वच्छ, विश्वसनीय भएको छ भन्न सकिने अवस्था छैन । योग्य विशेषज्ञबाट DPR तयार भएको मान्ने अवस्था देखिएन । | |
| ३३.३ | | | सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ ।परामर्शदाता शिवाङ्गी इन्जिनियरिङ्ग कन्सल्टेन्सी लि पेश गरेको फाईनल डिपिआर रिपोर्ट अनुसार बाल उद्यानको कूल लागत कन्टिन्जेन्सी मू अ कर समेत रु. २९०८५८८३।०० हुने देखिन्छ । उक्त बाल उद्यान क्षेत्रमा प्रवेश द्धार, गार्ड पोष्ट, फाउन्टेन, क्याफ्टेरिया, शौचालय जस्ता स-साना संरचना निर्माण गर्ने उल्लेख छ । यस्ता संरचनाको डि पि आर कार्यालयकै प्राविधिक जनशक्तिबाट तयार हुन सक्ने देखिन्छ ।कार्यालयमा उपलब्ध जनशक्तिबाट बाल उद्यानको डिपिआर तयार हुन सक्ने या नसक्ने बिश्लेषण नगरी परामर्शदाताबाट कार्य गराएको स्पष्ट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट हुन सक्ने कार्यहरु पालिकाको जनशक्तिबाट गराउनुपर्दछ । | |
| ३३.४ | | | **आर्थिक प्रस्ताबमा अनावस्यक जनशक्तिको पारिश्रमिक राखेको -** परामर्शदाता शिवाङ्गी इन्जिनियरिङ्ग कन्सल्टेन्सी लि पेश गरेको आर्थिक प्रस्तावमा प्रस्तावित भवनको भौगर्भिक सर्भे, भवनको आर्किटेक्चरियल डिजाइन, ल्यान्डस्केप , प्लानिङ्ग , थ्रिडी तयारी, उपमहानगरपालिकाको नर्मस् अनुसार स्ट्रक्चरल डिजाईन, टिओआरमा उल्लेख भए अनुसार भवनको इलेक्ट्रिकल कम्पोनेन्टको डिजाईन, लिफ्ट, एअर कन्डिशन, भवनमा खानेपानी आपूर्ति, भवनमा आगलागी व्यवस्थापन, कम्प्युटर नेटवर्किङ्ग, सिसिटिभी जस्ता भवन निर्माणको कार्य उल्लेख गरेको छ । उक्त फर्मले डिपिआर तयारी कार्यमा आर्किटेक्ट, स्ट्रक्चरल इन्जिनियर, अटो क्याड कम्प्युटर अपरेटर, ईलेक्ट्रिकल इन्जिनियर, मेकानिकल इन्जिनियर, सिभिल इन्जिनियर, वाटर सप्लाई इन्जिनियर, कम्प्युटर नेटवर्किङ्ग स्पेसियलिष्ट जस्ता बिशेषज्ञ जनशक्तिको पारिश्रमिक र बिस्तृत माटो परीक्षण कार्य समावेश गरी रु.१९,९४,२०५। को आर्थिक प्रस्ताव पेश गरेको छ । परामर्शदाताले पेश गरेको बाल उद्यानको फाईनल डिपिआर रिपोर्ट अध्ययन गर्दा उक्त बाल उद्यान क्षेत्रमा सामान्य प्रवेश द्वार, गार्ड बस्ने कोठा, फाउन्टेन, खाजा खाने क्यान्टिन, शौचालय निर्माण कार्यको डिपिआर तयार गरेको देखिन्छ ।यसरी कार्यालयले परामर्शदातालाई कार्यक्षेत्र गत शर्त उपलब्ध नगराई परामर्शदाताले पेश गरेको ठूला ठूला भवन संरचनाको लागि आवस्यक पर्ने जनशक्तिको लागि पारिश्रमिक उल्लेख गरी आर्थिक प्रस्ताव पेश गरेको र सोही बमोजिम भुक्तानी भएको छ । स-सानो शौचालयको डि पि आर तयार गर्न परामर्शदाताले पेश गरे अनुसारको जनशक्ति आवस्यक पर्ने नदेखिएको, माटो परीक्षण गरेको प्रमाण पेश नभएकोले प्रस्ताव मूल्यांकन, स्वीकृति, सम्झौता लगायतका कार्यमा संलग्न पदाधिकारीहरुलाई समेत जिम्मेबार बनाई छानविन हुनुपर्ने र बढी भुक्तानी रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु........ <br>**आर्थिक प्रस्तावमा पेश भएको विवरण** | १,९९४,२०५ |

| विवरण | कार्य दिन | रकम ( मु.अ.कर बाहेक) |
|---|---|---|
| टीम लिडर | ४५ | १,६२,०००। |
| आर्किटेक्ट | ६० | १,९२,०००। |
| सिभिल इन्जिनियर | २५ | ७९,०००। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ईलेक्ट्रिकल इन्जिनियर</td><td>१०</td><td>२५,०००।</td></tr>
<tr><td>मेकानिकल इन्जिनियर</td><td>१०</td><td>२५,०००।</td></tr>
<tr><td>अदक्ष कामदार तथा अन्य कर्मचारी पारिश्रमिक</td><td></td><td>२,११,७८४,</td></tr>
<tr><td>पारिश्रमिक रकम</td><td></td><td>६,९४,७८४।</td></tr>
<tr><td>पकेट खर्च</td><td></td><td>१,९५,०००।</td></tr>
<tr><td>माटो परीक्षण</td><td rowspan="2"></td><td rowspan="2">८,७५,०००।</td></tr>
<tr><td>माटो परीक्षण बापत उक्त रकम कुन नर्मसका आधारमा स्वीकृत गरेको हो सो उल्लेख गरिएको छैन । उक्त परामर्शदाताले माटो परीक्षण गरेको प्रयोगशालाको प्रतिवेदन तथा बिल समेत पेश नगरेको )</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७,६४,७८४।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३.५</td><td></td><td></td><td>जिन्सी खातामा आम्दानी नबाँधेको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफनो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद डिपिआर रिपोर्ट जिन्सी खातामा आम्दानी बाँधेको छैन । जिन्सी खातामा आम्दानी बाँधी सो को प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सोवर्णामाई रोडदेखि पश्चिम बाँधसम्म सडक निर्माण</td><td></td></tr>
<tr><td>३४.१</td><td>११</td><td>२०७९-१-२८</td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (पुँजिगत)</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सोवर्णामाई रोडदेखि पश्चिम बाँधसम्म सडक निर्माण उपभोक्ता समितिलाई रु. २४,३७,५००। बजेट खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन् :<br><br>**स्वीकृत दरभन्दा बढी भुक्तानी** : कार्यालयबाट स्वीकृत दर बिश्लेषण अनुसार प्रति घनमिटर ग्राभेलको दर रु. २४८८।३३ रहेकोमा नापी किताबमा प्रति घनमिटर रु.३१३४। का दरले ५२८.५४ घनमिटरको रु. १६,५६,४४४। मूल्यांकन गरेको छ । यसरी कार्यालयबाट स्वीकृत दरभन्दा प्रति घनमिटर रु. ६४५।६७ का दरले ५२८.५४ घनमिटरको रु.३,४१,२६२। बढी मूल्यांकन भएकाले उपभोक्ता समितिको १० प्रतिशत अंश घटाउँदा बढी भुक्तानी भएको रु.३,०७,१३६। असुल गर्नुपर्ने देखिएको छ । यस्तै Earth work in filling for Road Pavement कार्यको प्रति घनमिटर स्वीकृत दर रु.५०२।२६ रहेकोमा यस उपभोक्ता समितिलाई प्रति घनमिटर रु. ८८४।८३ का दरले ११५५.३८ घनमिटरको भुक्तानी गरेको हुँदा प्रति घनमिटर रु.३८२।५७ का दरले रु. ४,४२,०१३। बढी मूल्यांकन भएकोले उपभोक्ता समितिको अंश १० प्रतिशत घटाई बढी भुक्तानी रु ३,९७,८११। असुल गर्नुपर्ने समेत जम्मा असुल गर्नुपर्ने रु..... | ७०४,९४७ |
| ३४.२ | ११ | २०७९-१-२८ | **स्वीकृत दरभन्दा बढी भुक्तानी** : कार्यालयबाट स्वीकृत दर बिश्लेषण अनुसार Earth work in filling for Road Pavement कार्यको प्रति घनमिटर स्वीकृत दर रु.५०२।२६ रहेकोमा यस उपभोक्ता समितिलाई ११५५.३८ घनमिटर कार्य गरेकोमा प्रति घनमिटर रु. ८८४।८३ का दरले भुक्तानी गरेको हुँदा प्रति घनमिटर रु.३८२।५७ का दरले बढी भुक्तानी भएको हुँदा बढी मूल्यांकन भएको रु. ४,४२,०१३। मा उपभोक्ता समितिको अंश १० प्रतिशत घटाउँदा बढी भुक्तानी भएको रु ३,९७,८११। असुल गर्नुपर्ने रु...... | ३९७,८११ |
| ३४.३ | ११ | २०७९-१-२८ | **घटी जनसहभागिता** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको रकम दिँदा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस नगरपालिकाको निर्णय अनुसार माटोको काममा उपभोक्ता समितिले १५ प्रतिशत जनसहभागिता अंश व्यहोर्नुपर्ने निर्णय गरेको छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार उपभोक्ता समितिले रु.२६,९३,१९७। को कार्य सम्पन्न गरेकोमा माटोको काममा १५ प्रतिशतले रु.४,०३,९७९। कट्टी गरी भुक्तानी गर्नुपर्नेमा १० प्रतिशतले हुने रु.२,५५,६९७। मात्र कट्टी गरी भुक्तानी भएकाले घटी जनसहभागिता अंश कट्टी भएको रु.१,४८,२८२। असुल गर्नुपर्ने रु...... | १४८,२८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३५ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ मा लाभग्राहीलाई जस्ता पाता, काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउन पहिलो किस्तामा ६० प्रतिशत र सम्बन्धित स्थानीय तहको प्राविधिकबाट कार्यसम्पन्न तयार भए पश्चात अन्तिम किस्ता बापत ४० प्रतिशत रकम निकासा गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि गोश्वारा भौचर नम्बर २९,०७९।१।१२ र ३२,०७९।१।२३ बाट १०६ जना लाभग्राहीलाई पहिलो किस्ता रु.२८,३००। का दरले रु.२९,९९,८००। लाभग्राहीको बैंक खातामा निकासा दिएको छ । उक्त रकम लाभग्राहीले उद्देश्य बमोजिम खर्च गरे नगरेको अनुगमन गरी दोस्रो किस्ता निकासा दिने व्यवस्था मिलाउनु पर्दछ । | |
| ३६ | | | **मूल्य अभिवृद्धि कर भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री सिमेण्ट, छड इट्टा लगायतका मू अ कर लाग्ने सामानको जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर समेत समावेश गरी दर विस्लेषण गरेको र सोही दर अनुसार उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको छ । यसरी मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएकोमा उपभोक्ता समितिले मूल्य अभिवृद्धि कर विजक समेत पेश गर्नुपर्दछ । निम्न उपभोक्ता समितले निर्माण सामाग्रीको दर विश्लेषणमा समावेश गरी भुक्तानी प्राप्त गरेको मूल्य अभिवृद्धि कर रकम भन्दा घटी हुनेगरी मूल्य अभिवृद्धि कर विजक पेश गरेको कारण बढी मूल्य अभिवृद्धि कर भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.... | १०६,३५३ |

| गो भौ नं मिति | उपभोक्ता समितिको नाम | भुक्तानी भएको मू अ कर | बिल पेश मू अ कर | बढी भुक्तानी मू अ कर | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| ३३-०७९।१।२५ | आश्रयस्थल भवन निर्माण उ.स., वडा नं.१ | ८४९८३। | ४०९५०। | ४४०३३। | First Class Brick Masonary Work in 1:4 c/s mortar मा ईटाको काम |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५१-०७९।३।२४ | बैजनाथ आधारभुत विद्यालय निर्माण उ.स., गौर १ | ३१०३८। | २४९६०। | ६०७८। | Brick Work |
| ८,२५,५० | अधुरो कलाकुञ्ज पुस्तकालय भवन निर्माण उ.स. | ८३५४२। | २७३००। | ५६२४२। | Brick Work |
| | | | **जम्मा** | **१०६३५३।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **हयान्ड पाईप जडान** | |
| ३७.१ | | | नगरपालिकाले नगरक्षेत्रभित्र हयान्ड पाईप जडान कार्यका लागि विभिन्न उपभोक्ता समितिहरु तथा आपूर्तकबाट खरिद कार्य गरी खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन्<br>**सीमाभन्दा बढीको काम गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा एक करोड लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समतिबाट गराउन सकिने व्यवस्था रहेको र नियम ९७ (१क) मा एक करोडसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । सो अनुसार उल्लेखित सबै रकम समावेश गर्दा एक करोडसम्म लागत अनुमान भएको योजनाको काम मात्र उपभोक्ता समितिबाट गराउन मिल्नेमा रुपेश कुमार यादब अध्यक्ष रहेको उपभोक्ता समितिलाई वडा नं १ देखि ९ सम्म शुद्ध खानेपानीको लागि हयान्ड पाईप जडान गर्ने कार्य दिई निम्नानुसार रु.१,१८,३८,६४४। भुक्तानी दिएको छ । सीमा भन्दा बढीको काम उपभोक्ता समितबाट गराएको नियमित नदेखिएको रु. | ११,८३८,६४४ |

| गो.भौ.नं.,मिति | उपभोक्ता समितिको नाम | स्थान | उपभोक्ता समिति अध्यक्ष | बजेट खर्च |
|---|---|---|---|---|
| १९४-०७८।११।८ | शुद्ध खानेपानीको लागि हयान्ड पाईप जडान गर्ने कार्य, वडा नं.१–९ | वडा नं.१,२,३,४,६,७,८ | रुपेश कुमार यादब | ५४२११२७ |
| १३-०७८।८।१५,९३-०७८।८।१४ | शुद्ध खानेपानीको लागि हयान्ड पाईप जडान गर्ने कार्य, वडा नं.१–९ | वडा नं.१,२,३,४,५,६ | रुपेश कुमार यादब | ६४१७५१७ |
| | | | **जम्मा** | **११८३८६४४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम २(ट) मा निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट उपभोक्ता समिति गठन गर्नुपर्ने र नियम ९७(१) मा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट त्यस्तो कार्य गराउनुपर्ने व्यवस्था छ । कार्यालयले बजेट तयार गर्दा कुनै निश्चित स्थान उल्लेख नगरी सबै वडामा खानेपानीको हयान्ड पाईप जडान गर्ने कार्य उल्लेख गरी कार्यक्रम बनाएको र नगरपालिकाभरी कार्य गर्न एउटै उपभोक्ता समिति बनाई कार्य गराएको छ । नगरपालिका भरि एउटै समिति गठन गरेकोले त्यस्तो समितिलाई उपभोक्ता समिति मान्न मिल्दैन । नियमावलीको व्यवस्था अनुरुप उपभोक्ता समिति गठन गरी कार्य सञ्चालन गर्नुपर्दछ । | |
| ३७.३ | १९४ | | सार्वजनिक खरिद नियमावली,२०६४को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानीगर्दा करारका शर्त बमोजिम नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनकोआधारमा गर्नुपर्ने उल्लेख छ । नापी किताब अनुसार १०४ स्थानमा हयान्ड पाईप जडान कार्य भएकोमा उपभोक्ताको बिलमा १०५ स्थानमा कार्य भएको उल्लेख गरी १ स्थानको रु. ११,६२०। बढी भुक्तानी भएकाले उक्त रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु....... | ११,६२० |
| ३७.४ | २७२ | २०७९-१-२७ | **मालसामान खरिदमा ओभरहेड**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । मालसामानको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्न मिल्दैन । कार्यालयले खानेपानीको हयान्ड पम्प सेट, एचडिपिई पाईप, जिआई पाईप लगायत ७ आईटम मालसामान आपूर्तिको लागि सिलबन्दी दरभाउपत्र आव्हान गर्दा लागत अनुमानमा १५ प्रतिशत ओभरहेड रु.२,०१,२७२। समावेश गरी रु.१५,४३,०८०। को लागत अनुमान तयार गरी महतो सप्लायर्ससँग रु. १५,४३,०५०। मा सम्झौता गरी गोश्वा भौचर नम्बर २७२, ०७९।१।२७ बाट रु.१५,००,०००। भुक्तानी गरेको छ । मालसामान आपूर्तिको लागत अनुमानमा ओभरहेड समावेश गरी भुक्तानी दिन नमिल्ने भएकोले उक्त रकम सम्बन्धित आपूर्तिकर्ताबाट असुल गर्नुपर्ने रु....... | २०१,२७२ |
| ३७.५ | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (बिशेष अनुदान ) तर्फ स्वीकृत कार्यक्रममा बिपन्न तथा सीमान्तकृत व्यक्ति तथा परिवारलाई हयान्ड पाईप जडान कार्यक्रमका लागि रु.६२ लाख तथा नगरपालिका पुँजिगततर्फ वडा नं. ९ मा स्वच्छ खानेपानीका लागि गरिब तथा बिपन्न परिवारलाई हेन्ड पाईप जडान कार्यका लागि रु.१२ लाख बजेट व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएकोमा कार्यालयले स्वीकृत कार्यक्रम बमोजिम गरिब, बिपन्न तथा सीमान्तकृत परिवार छनौट गरी कार्यक्रम सञ्चालन गरेको छैन । कार्यालयले हाते पम्प वितरणका लागि लाभग्राही छनौट गर्दा स्पष्ट, पारदर्शी, समन्यायिक तवरले मापदण्ड तथा कार्यविधि बनाई वितरण गर्नुपर्नेमा मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन । साथै अघिल्ला आर्थिक बर्षहरुमा समेत हाते पम्प वितरण गरेकोमा प्रत्यक वर्ष वितरित हेण्ड पाइप प्राप्त गर्ने लाभग्राहीको एकिकृत अभिलेख नराखेकाले लाभग्राही दोहोरो परे नपरेको यकिन गर्न सकिएन । | |
| ३७.६ | | | भौचर नम्बर २५९, मिति ०७९।१।८ बाट ४५ वटा हेन्ड पम्प सेट जडान गरेको भनी उपभोक्ता समितिलाई रु.२१,६७,१९९। भुक्तानी दिएकोमा ३९ जना हेन्ड पम्प प्राप्त गर्ने उपभोक्ताहरुको वडा नम्बर र स्थान उल्लेख गरेको छैन । | |
| ३७.७ | ११ | २०७८-५-२२ | गोश्वारा भौचर नम्बर ११, ०७८।५।२२ मा महादेब जेनरल सप्लायर्सबाट हेन्ड पम्प लगायतका सामान खरिद गरी रु. ४,९९,४६५। तथा गोश्वारा भौचर नम्बर २५,०७८।६।५ मा महतो सप्लायर्सबाट पाईप लगायतका सामान खरिद गरी रु.४,९६,६०२। गरी रु.९,९६,०६६। खर्च लेखेकोमा खरिद भएका सामानहरु जडान भएको नापी किताब संलग्न नभएकाले ती सामानहरुको उपयोग सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु...... | ९९६,०६६ |
| ३८ | | | **टुक्रा पारी सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ भने नियमावली २०६४ को नियम ३ ३१(१)मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले यो वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु.२८ लाख ९९ हजार खर्च गरेको छ । उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ । एउटै प्रकृतिको धेरै मसलन्द तथा कार्यालय सामग्री खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ । केहि उदाहरण निम्न छनः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर नम्बर मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>५७२-२०७९।३।२४</td><td>श्री स्टेशनरी स्टोर्स</td><td>४९९१२६</td></tr>
<tr><td>३५-२०७८।६।१</td><td>दिलीप कम्प्यूटर एण्ड कम्यूनिकेशन कर्नर</td><td>३५३५४८</td></tr>
<tr><td>५६-२०७८।६।११</td><td>शाह इम्पेक्स</td><td>४९८६१२</td></tr>
<tr><td>३९२-२०७८।१२।१०</td><td>स्मार्ट टेक नेपाल प्रा. लि.</td><td>४००००००</td></tr>
<tr><td>४३०-२०७९।१।५</td><td>गणपति अफसेट प्रेस</td><td>२२८८३५</td></tr>
<tr><td>४५६-२०७९।१।१६</td><td>संझना जेनरल सप्लायर्स</td><td>४९९४०३</td></tr>
<tr><td>४७६-२०७९।१।२९</td><td>केशरी एण्ड सन्स प्रा.ली</td><td>३०१८२३</td></tr>
<tr><td colspan="3">नगरपालिका पूँजीगततर्फ</td></tr>
<tr><th>भौचर नम्बर मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१५,१६,४९,५०,५७,७७,१४४,१५८,१६५,१९८,२५३,३२३,३३५</td><td>सडक मर्मत तथा ढलान गर्न १३ प्याकेजमा कोटेशनबाट काम गराएको</td><td>६४०४७२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td>२३६, २८८ र ३४०</td><td></td><td>सामानको उपयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवस्यकताको पहिचान गरी सामान खरिद गर्ने व्यवस्था छ । त्यस कार्यालयले गो भौ नं २३६, २८८ र ३४० बाट रु.२२६०००।०० मूल्यको २५ सेट पर्दा र रु.२०९६१५।०० मूल्यको ११७ मिटर कार्पेट खरिद गरेको भनी पूँजिगत तर्फको फर्निचर खरिद शीर्षकबाट भुक्तानी गरेको छ । ती सामानहरुको भुक्तानी चालु तर्फको कार्यालय सञ्चालन शीर्ष क (२२३११) बाट खर्च लेख्नुपर्नेमा पूँजीगतबाट खर्च लेखेको नियमित देखिएन । ती सामानहरु कहाँ प्रयोग भएको लेखापरीक्षणको क्रममा खर्च माग फाराम माग गरेकोमा पेश भएन । यसरी शीर्षक फरक पारी भुक्तानी गरेको नियमित नदेखिएको र प्रयोगको अवस्था नखुलेकोले प्रमाण पेश हुनुपर्ने रु......</td><td>४३५,६१५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **गत बर्षको दायित्व**<br>२५-२०७८।५।२८,२७-२०७८।५।२९, ९०-२०७८।६।२४ र २४३-२०७८।१०।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ ।नगरपालिकाले गत वर्षको भुक्तानी बाँकी भनि २०७७ पौष देखि २०७७ चैत्रसम्मको सुविधा रु.२४९८०००। र २०७७।७८ को बैठक भत्ता,२०७८ वैशाख देखि श्रावणसम्मको सुविधा वापतको बैठक भत्ता रु.९९२००।, २०७८ वैशाख देखि आषाढसम्मको सुविधा रु.१८४२०००। गरी जम्मा रु.४४३९२००। र पालिकाले एकमुष्ट रुपमा रु२३ लाख एकमुष्ट रुपमा भुक्तानी भनि बजेट राखी भुक्तानी गरेको छ ।पदाधिकारीलाई भुक्तानी हुनुपर्ने बाँकी सुविधा भुक्तानी बाँकीको विवरण प्रमाणित गरी नराखेकोले भुक्तानी गर्न बाँकी रकम यकिन गर्न नसकिएको रु.. | ४,४३९,२०० |
| ४१ | | | **पारिश्रमिक कर**<br>नगरपालिकाको सेवाबाट अवकास प्राप्त निम्न कर्मचारीलाई अवकास सुविधा भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टा गरेको देखियो । नगरपालिकाले आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम अवकास कोष राख्न स्वीकृत लिएको नदेखिएकोले यस कर्मचारी कल्याण कोषबाट भुक्तानी हुने अवकास सुविधालाई करयोग्य आय मानी पारिश्रमिक कर गणना गरी कट्टा गर्नुपर्दछ । तर नगरपालिका कार्यालयले १ प्रतिशत मात्र कर कट्टा गरेकोले पुन: पारिश्रमिक कर यकिन गरी असुल हुनुपर्दछ ।<br>**अवकास प्राप्त कर्मचारी** — **सुविधा रकम**<br>सव इन्जिनियर फहिम अंसारी — ११०४२५७<br>का स ढोराई साह — ९३७४७० | |
| ४२ | २४८ | २०७८-१०-२१ | **वडा समितिको बैठक**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले वडा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समितिको बैठक वापत वडा समितिको सदस्यलाई वापत रु२७६३०००।बैठक भत्ता भुक्तानी गरेको छ ।वडा समितिको बैठकको माइन्यूट अध्ययन गर्दा शुभकामना आदानप्रदन गर्ने, वडामा जडान भएको पोलको संख्या यकीन गर्ने जस्ता निर्णय गर्नको बैठक बसी भत्ता बुझ्ने गरेको देखियो । त्यस्ता निर्णयको लागि बैठक बसेको उपयुक्त देखिएन । भत्तामा भुक्तानी भएको रकमको औचित्यता पुष्टी भएको देखिएन । पालिकाले सरकारी खर्चको उपादेयता पुष्टि हुने गरी खर्च गर्नुपर्दछ । | |
| ४३ | | | **महिला स्वयमसेविकालाई भत्ता प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले महिला स्वयमसेविकालाई वर्षभरीमा रु.७२८०००। प्रोत्साहन भत्ता वापत रकम भुक्तानी गरेको छ । महिला स्वयमसेविकाले प्रोत्साहन भत्ता सुविधा पाउने कानूनी व्यवस्था नरहेकोले कानूनी व्यवस्था गरी यस्तो सुविधा प्रदान गर्नुपर्दछ । | |
| ४४ | २४० | २०७८-१०-३ | **समिति बाहेक अन्यलाई भत्ता भुक्तानी**<br>नेपालको संविधानको धारा २१७(१) बमोजिम न्यायिक समितिमा ३ जना सदस्य रहने व्यवस्था छ ।पालिकाले समितिमा नरहेको नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत पदाधिकारी तथा कर्मचारी ६ जनालाई न्यायिक समितिको ११ वटाको बैठक भत्ता वापत रु.५६१००। भुक्तानी गरेको छ । समितिका सदस्य बाहेक अन्य व्यक्तिलाई भत्ता दिने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । | |
| ४५ | | | **स्वीकीय सचिव, कानूनी सल्लाहाकार र प्रेस संयोजक**<br>मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुखलाई स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले श्रावण देखि चैत्रसम्म र २०७९ आषाढ देखि स्वकीय सचिव र प्रेस संयोजकको रुपमा क्रमशः रामदरेश प्रसाद, प्रविण कुमार पाण्डेय र प्रविण कुमार टिबडेवाललाई नगर प्रमुखको कानूनी सल्लाहाकार, स्वकीय सचिव र प्रेस संयोजकको रुपमा नियुक्त गरी मासिक क्रमशःरु३५९९०।,रु.३२५००। र रु३००००। को दरले जम्मा रु.४२२४००।तलब भत्ता भुक्तानी गरेको कानुनसम्मत रु. | ४२२,४०० |
| ४६ | | | **तलब पेश्की -** कर्मचारीलाई महिना समाप्त भए पश्चात तलब भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था छ ।पालिकाले सहायक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाचौं विनोद पासमानलाई महिना समाप्त नै नभई २ महिना मंसिर र पुषको तलब रकम रु४२५६५। पेश्की दिएको पाइयो । कर्मचारीलाई महिना समाप्त भए पश्चात मात्र तलब भुक्तानी हुनुपर्दछ । | |
| ४७ | | | **नगर प्रहरीलाई राशन भत्ता** नगरपालिकाले नगर प्रहरीलाई सेवा सुविधा भुक्तानी गर्दा नगर प्रहरीको सेवा सुविधा सम्बन्धि ऐन बनाई आन्तरिक आयको आधारमा नगर प्रहरीलाई सेवा सुविधा भुक्तानी गर्नुपर्दछ ।पालिकाले नगर प्रहरीको सेवा सुविधा सम्बन्धि ऐन नबनाई १४ जना दमकल सई र नगर प्रहरीलाई वर्षभरीमा राशन भत्ता वापत रु१० लाख ८४ हजार भुक्तानी गरेको छ । पालिकाले नगर प्रहरीको सेवा सुविधा ऐन, नियम स्वीकृत गरी मात्र राशन भत्ता वापतको रकम भुक्तानी गर्नुपर्दछ । | |
| ४८ | २४८ | २०७८-१०-२१ | **वडा सचिवको बैठक भत्ता** वडा समितिको बैठकमा वडा सचिवलाई बैठक भत्ता दिने सम्बन्धमा कानूनी व्यवस्था रहेको छैन ।पालिकाले देहायको वडा सचिवलाई वडा समितिको बैठक वापत रु.४०६७२५। भत्ता भुक्तानी गरेको छ ।भुक्तानी भएको भत्ता सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु... | ४०६,७२५ |

| क्र सं | वडा सचिवको नाम | भुक्तानी रकम |
|---|---|---|
| १. | विनोद पासमान | ४५९०० |
| २. | रोशन कुमार साह | ४५९०० |
| ३. | सुलोचना घिमिरे | ४३३५० |
| ४. | संतोष साह | ४२०७५ |
| ५. | धिरेन्द्र कुमार लाल दास | ४५९०० |
| ६. | शान्ता अधिकारी | ४५९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>७.</td><td>उतम कुमार उपाध्याय</td><td>४५९००</td></tr>
<tr><td>८.</td><td>मनोज कुमार पटेल</td><td>४५९००</td></tr>
<tr><td>९.</td><td>मो मुस्ताफा</td><td>४५९००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४०६७२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>पदाधिकारीलाई भत्ता नगद वितरण<br>मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन २०७७ दफा १२ बमोजिम पदाधिकारी तथा सदस्यको भत्ता रकम बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले नगरसभा, कार्यपालिका र समितिको बैठकमा पदाधिकारीलाई बैठक भत्ता नगद नै वितरण गरेको छ ।ऐनमा भएको व्यवस्था अनुसार पदाधिकारीले पाउने भत्ता बैंक मार्फत नै भुक्तानी हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td>५४७</td><td>२०७९-३-२०</td><td>नगरसभा र कार्यपालिका बैठक भत्ता<br>नगरसभा र कार्यपालिकाको बैठकमा सभाका र कार्यपालिका सदस्य बाहेक अन्य कर्मचारीलाई भत्ता भुक्तानी गर्न कानूनि व्यवस्था छैन ।पालिकाले सभा र कार्यपालिका सदस्य नरहेका कर्मचारीहरुलाई कार्यपालिका बैठक भत्ता वापत रु.२५५००। भुक्तानी गरेको छ । यस्तो भत्ता दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>कानून विपरीतको स्तर वृद्धि<br>नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवा गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ भने दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । कर्मचारी समायोजन ऐन, २०७५ (२) (क) मा कर्मचारी समायोजन अध्यादेश २०७५ प्रारम्भ हुँदाका वखत स्थानीय तहमा कार्यरत कर्मचारीलाई अन्य सेवाका कर्मचारी मानिने उल्लेख छ । समायोजन ऐनको दफा योजन ७(८) मा सरकारी सेवामा तहगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्नुपर्दा प्रदेश वा स्थानीय तहको सेवाको सम्बन्धीत तहमा समायोजन गरिने व्यवस्था छ । संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारीको सेवा सर्त सम्बन्धी प्रदेश कानून हाल सम्म निर्माण भई लागु भएको छैन । नगर सभाले गौर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ जारी गरी नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा समायोजन ऐन, २०७५ को दफा ६ बमोजिम समायोजन भै आएका कर्मचारीहरुको स्तर वृद्धि गर्ने कानून निर्माण गरी कार्यपालिकाको निर्णय अनुसार देहाय अनुसारका २६ जना कर्मचारीको स्तर वृद्धि गरेको पाइयो । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाएको ऐन स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने र राजपत्रमा प्रकाशन नभए सम्म त्यस्तो कानून लागु नहुने उल्लेख छ । यस्तै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(झ) अनुसार स्थानीय सेवाको पदलाई प्रदेश सेवा पद भनि व्याख्या भएको र दफा ९(२)(ख) मा प्रदेश सेवाको पदमा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने उल्लेख छ । संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारी सम्बन्धी कानून हाल सम्म नबनेको र प्रदेश लोक सेवा आयोगबाट परामर्श समेत नलिएकोले उक्त स्तर वृद्धि सम्बन्धि निर्णय कानून सम्मत देखिएन ।स्तर वृद्धि भएका कर्मचारीहरु निम्न छनः
<table>
<tr><th>क्र सं</th><th>कर्मचारीको नाम</th><th>कार्यरत तह</th><th>स्तर वृद्बि भएको तह</th></tr>
<tr><td>१.</td><td>सुभाष कुमार ठाकुर</td><td>अधिकृतस्तर छैठौं</td><td>अधिकृतस्तर सातौं</td></tr>
<tr><td>२.</td><td>सरोज कुमार लालदास</td><td>अधिकृतस्तर छैठौं</td><td>अधिकृतस्तर सातौं</td></tr>
<tr><td>३.</td><td>धीरेन्द्र कुमार लालदास</td><td>सहायकस्तर पाचौं</td><td>अधिकृतस्तर छैठौं</td></tr>
<tr><td>४.</td><td>उत्तम कुमार उपाध्याय</td><td>सहायकस्तर पाचौं</td><td>अधिकृतस्तर छैठौं</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ५. | प्रेमशंकर साह | सहायकस्तर पाचौं | अधिकृतस्तर छैठौं |
| ६. | हृदयनारायण साह | सहायकस्तर पाचौं | अधिकृतस्तर छैठौं |
| ७. | रोशन कुमार साह | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| ८. | सुलोचना कुमारी घिमिरे | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| ९. | जीतेन्द्र कुमार भारती | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १०. | विनोद पासवान | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| ११. | शान्ता कुमारी अधिकारी | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १२. | कमला कु श्रीवास्तव | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १३. | मो मुस्तफा | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १४. | रामकैलाश राय यादव | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १५. | मनोज कुमार पटेल | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १६. | सोहैल अंसारी | सहायकस्तर चौथो | सहायकस्तर पाचौं |
| १७. | बसन्त कुमार झा | श्रेणिविहिन दोश्रो | श्रेणिविहिन तेश्रो |
| १८. | सुनिल कुमार केशरी | श्रेणिविहिन दोश्रो | श्रेणिविहिन तेश्रो |
| १९. | बैजु महतो कोईरी | श्रेणिविहिन दोश्रो | श्रेणिविहिन तेश्रो |
| २०. | दिपक राय यादव | श्रेणिविहिन दोश्रो | श्रेणिविहिन तेश्रो |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २१. रामबाबु राउत — श्रेणिविहिन दोश्रो — श्रेणिविहिन तेश्रो<br>२२. बिरबल सहनी — श्रेणिविहिन दोश्रो — श्रेणिविहिन तेश्रो<br>२३. आनन्दी राय यादव — श्रेणिविहिन दोश्रो — श्रेणिविहिन तेश्रो<br>२४. प्रेम प्रसाद केशरी — श्रेणिविहिन दोश्रो — श्रेणिविहिन तेश्रो<br>२५. रामु राय यादव — श्रेणिविहिन दोश्रो — श्रेणिविहिन तेश्रो<br>२६. गुगुल साह — श्रेणिविहिन दोश्रो — श्रेणिविहिन तेश्रो | |
| ५२ | | | **सुपरभाइजर पारिश्रमिक**<br>विभिन्न योजनाहरुमा काम गर्नेगरी सुपरभाइजर राखेको भनी ५ जनालाई वर्षैभरी काम लगाएको भनी प्रति व्यक्ति रु.१३०००।०० देखि रु.१८०००।०० सम्मको दरले वर्षभरिको पारिश्रमिक रु.९७२०००।००, चाडवाड खर्च रु.४९०००।०० र पोशाक खर्च रु ५००००।०० समेत जम्मा रु.१०७१०००।०० (पूँजीगतबाट रु.६६६०००।०० र चालुबाट रु.४०५०००।००) खर्च लेखेको छ । नगरपालिकाद्वारा संचालित योजनाहरुमा बाह्रै महिना काम नहुने तथा सुपरभाइजर राखी काम लगाउनुपर्ने प्रकृतिका ठुला योजनाहरु नदेखिएकोले उक्त खर्चको औचित्य देखिएन । साथै ज्यालादारी व्यक्तिलाई चाडवाड खर्च र पोशाक खर्च उपलब्ध गराउने कानुनी व्यस्था समेत देखिएन । यसरी आवस्यकताको पहिचान नगरी वर्षभरी नै सुभरपाइजर राखी खर्च लेखेको सम्बन्धमा औचित्य पुष्टि हुनुपर्ने रु......... | १,०७१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **बढी व्ययभार**<br>नगरपालिकाले सामान स्पेसिफिकेसन भएको एकै प्रकृतिको सामान खरिद गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ ।जसले गर्दा मालसामान प्रतिस्पर्धी एवम् मितव्ययी तवरले प्राप्त गर्न सकिनेमा पालिकाले विभिन्न आपूर्तकबाट देहायको सामान खरिद गर्दा कर बिजकमा स्पेसिफिकेसन उल्लेख नभएको एवम् एकै किसिमको सामानको मूल्य फरक फरक हुनेगरी खरिद गरेको छ ।साथै लाभग्राहीलाई सामान वितरण गर्दा सबैलाई सामान किसिमको सामान वितरण गर्नुपर्नेमा सो गरेको देखिएन । बढी दरमा खरिद गर्दा पालिकालाई निम्नानुसार बढी व्ययभार परेको रु.. | १,२०४,९५६ |

| गो भौ नं मिति | आपूर्तिकर्ता | सामानको नाम | परिणाम | दर | खरिद रकम | व्ययभार रकम |
|---|---|---|---|---|---|---|
| ४२८-२०७९।१।४ | न्यू बजरंग इम्पोरियम | कम्बल | १०९ | १३८४.२५ | ११२८१६४ | ४१४९४१ |
| २४४-२०७८।१०।६ | न्यू गंगा सागर | कम्बल | ८१५ | १८४० | १४९९६०० | |
| २६८-१०।२३ | नगर अपाङ्ग र नेत्रहिन संघ | कम्बल | १४० | १६९५ | २३७३०० | |
| १४५ | आमान ट्रेडर्स | सुति साडी | ३६५ | ७८७ | २८७२५५ | |
| ३६९-२०७८।१२।१ | गुप्ता ओभरसिज कन्सर्न | सुति साडी | ४९० | ७६२ | ३७३३८० | ५६३१६० |
| ३७४ | न्यू गंगा सागर | सुति साडी | ५६५ | ८१५ | ३७८९७५ | |
| ३८०-२०७८।१२।२ | प्रेम स्टोर्स | सुती साडी | ३९० | ४८० | १८७२०० | |
| ४०९ | आमान ट्रेर्डस | सुति साडी | ५०० | ७८० | ३९०००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४१०-२०७८।१२।२३</td><td>न्यु बजरंग इम्पोरियम</td><td>साडी</td><td>३१७</td><td>६३०</td><td>१९९७१०</td><td rowspan="2"></td></tr>
<tr><td>४५७-२०७९।१।२१</td><td>दिपक कुमार पासवान</td><td>साडी</td><td>८०</td><td>५७५</td><td>४६०००</td></tr>
<tr><td>२७८-२०७८। १०।२५</td><td>राजदेवी फार्मेसी</td><td>च्यवनप्राश १ केजि</td><td>५५७</td><td>८८५</td><td>४९२९४५</td><td rowspan="3">२२२६३३</td></tr>
<tr><td>२८०- २०७८। १०।२५</td><td>रेडियन्ट मेडी डिस्ट्रीब्यूटर्स</td><td>च्यवनप्राश</td><td>११५</td><td>५५७</td><td>६४०५५</td></tr>
<tr><td>४९९-२०७९।२।३१</td><td>नमन ट्रेडर्स एण्ड सप्लायर्स प्रा लि</td><td>च्यवनप्रास</td><td>२२५</td><td>७३४.५</td><td>१६५२६२</td></tr>
<tr><td>२७९-२०७८। १०।२५</td><td>शाह इम्पेक्स</td><td>टर्च लाइट</td><td>१२००</td><td>२६५.५५</td><td>३१८६६०</td><td rowspan="2">४२२२</td></tr>
<tr><td>५००-२०७९।२।३१</td><td>गैलेक्सी इन्टरप्राइजेज</td><td>टर्च</td><td>५०</td><td>३५०</td><td>१७५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१२०४९५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>परामर्श सेवा</td><td></td></tr>
<tr><td>५४.१</td><td></td><td></td><td>गौर सरकारी संस्थालाई भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रताव स्विकृति गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायि लेखा नम्बर र मू.अ.क दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसारको मू.अ.करमा दर्ता भए पनि बिजक जारी नगरेको तथा केहीले पेश गरेको पनि गैर सरकारी संस्था मार्फत लागत अनुमान, मौजुदा सूचीमा दर्ता सूचना प्रकाशन, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग नगरी सोझै खरिद गरेको नियमसगत देखिदैन।तालिम तथा कार्यक्रम गरेको संस्थाको प्रशिक्षकको योग्यता नखुलेको, सहभागी छनौटको आधार, लक्षित वर्ग पहिचान नगरी तालिम दिएको पाइयो ।तालिमको आवश्यकता नै पहिचान नगरी तालिम तथा कार्यक्रम संचालन गरेको पाइयो ।प्रशिक्षकले प्रशिक्षण गराएको कक्षा तालिका पनि नरहेको, कुन विषयको बारेमा प्रशिक्षण गरेको प्रमाण नरहेको, संस्थाले विभिन्न सामान खरिद गरेकोमा सो को वितरण भरपाई समेत संलग्न रहेको देखिएन, अधिकाँश तालिम तथा कार्यक्रमको भएको फोटो पनि पेश नभएको तथा विभिन्न संस्थाले पेश गर्ने प्रस्तावनामा गौर नगरपालिका कार्यक्रम हुनुपर्नेमा अन्य पालिकाको नाम लेखिएको पाइयो । साथै कार्यालयले सो संस्थाहरुबाट भएको कामको प्रभावकारीता मूल्याङ्कन र अनुगमन प्रतिवेदन बेगर भूक्तानी गरेको पाईयो। | |

| गो भौ नं मिति | संस्था | तालिम तथा कार्यक्रम | रकम |
|---|---|---|---|
| ८६-२०७८।६।२२ | रौतहट प्लस नेपाल गौर | एचआईभि एडस सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ९८,८०० |
<tr><td>७३</td><td></td><td></td><td>उपप्रमुखलाई इन्धन वापत रकम भुक्तानी<br>मधेश प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ र अनुसूची बमोजिम इन्धन तथा यातायात खर्च दिने व्यवस्था छ । सो व्यवस्था अनुसार पालिकाले यातायातको साधन उपलब्ध नगराएको अवस्थामा नगरपालिकाका उपप्रमुखलाई मासिक रु.१५०००।०० का दरले वार्षिक रु.१८००००।०० यातायात खर्च उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले नगर उपप्रमुख किरण कुमारी ठाकुरलाई सवारी साधन उपलब्ध नगराएको अवस्थामा निजको निजि गाडीको लागि वर्षभरीमा रु३२२७७९। इन्धन प्रयोग गरेको भनी पेट्रोल पम्पलाई भुक्तानी गरेको छ । उक्त रकममा निजले पाउने यातायात खर्च रु.१५००००। कटाई (२ महनाको लिएको) बढी भुक्तानी रु.१७२७७९।०० निजबाट असुल हुनुपर्ने रु.......</td><td>१७२,७७९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | ५८१ | २०७९-३-२५ | **प्रसारण प्रमाणपत्र बिना भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले स्माइरा मेडियालाई बृत्तचित्र निर्माण बापत रु.३,००,०००। भुक्तानी गरेकोमा सम्झौतामा राष्ट्रिय टेलिभिजन र आफनो युटुब च्यानलमा प्रसारण गरे बापत रु.५० हजार दिने उल्लेख भएकोमा राष्ट्रिय टेलिभिजनमा प्रसारण गरेको प्रमाणपत्र संलग्न नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु...... | ५०,००० |
| ७५ | | | **वितरणमुखी खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक सहयोग जस्ता शिर्षकबाट ७ थान जिम सामग्री रु४९८२७२, विभिन्न खेलकुद सामग्री रु२३३०००।, स्मार्ट नोटबुक १०० थान रु४०००००।, साडी १२७७ थान रु८०६२९०।, सल १७४६ थान रु१११९८०।, कम्बल १३३४ थान रु२३८३७०१।, च्यवनप्राश ८९७ पिस रु७२२२६२।, टर्च लाइट १२५० थान रु३३६१६०।, बैटरी ५० थान रु१५००।, पोपलीन साया १२७० थान रु१२९०४०।, रुबिया कपडा ४९० थान रु४५०८०।, ब्लाउज कपडा ३९० मिटर रु४८७५०, झोला १९० थान रु२१२५५३, लुंगी १६ थान रु४०००।, ब्लैंकेट २८५० थान रु२५७६४०। खरिद गरी जम्मा रु७१९०२२८। भुक्तानी दिएको छ। खरिद गरेको सामाग्रीमध्ये झोला बाहेक कपडा, च्यवनप्राश, टर्च लाइट, बैटरी, साडी, पोपलीन साया, ब्लाउज कपडा, रुबिया कपडा, खेलकुद सामग्री वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । यस प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय खुल्ने नागरिकता लगायत कागजात तथा सम्पर्क नम्वर सहितको रु६९७७६७५। वितरण भरपाई पेश गर्नुपर्ने रु......<br>**सामानको विवरण** — **परिमाण** — **रकम**<br>जिम सामग्री — ७ थान — ४९८२७२ | ६,९७७,६७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विभिन्न खेलकुद सामग्री</td><td>विभिन्न</td><td>२३३०००</td></tr>
<tr><td>स्मार्ट नोटबुक</td><td>१०० थान</td><td>४०००००</td></tr>
<tr><td>साडी</td><td>१२७७ थान</td><td>८०६२९०</td></tr>
<tr><td>सल</td><td>१७४६ थान</td><td>११११९८०</td></tr>
<tr><td>कम्बल</td><td>१३३४ थान</td><td>२३८३७०१</td></tr>
<tr><td>च्यवनप्राश</td><td>८९७ थान</td><td>७२२२६२</td></tr>
<tr><td>टर्च लाइट</td><td>१२५० थान</td><td>३३६१६०</td></tr>
<tr><td>बैटरी</td><td>५० थान</td><td>१५००</td></tr>
<tr><td>पोपलीन साया</td><td>१२७० थान</td><td>१२९०४०</td></tr>
<tr><td>रुबिया कपडा</td><td>४९०</td><td>४५०८०</td></tr>
<tr><td>ब्लाउज कपडा</td><td>३९० मिटर</td><td>४८७५०</td></tr>
<tr><td>झोला</td><td>१९० थान</td><td>२१२५५३</td></tr>
<tr><td>लुंगी</td><td>१६ थान</td><td>४०००</td></tr>
<tr><td>ब्लैंकेट</td><td>२८५० थान</td><td>२५७६४०</td></tr>
<tr><td colspan="2" align="right">जम्मा</td><td>७१९०२२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>संचार महसुल<br>पदाधिकारी/कर्मचारीलाई संचार सुविधा वापत रकम भुक्तानी गर्न कानूनी व्यवस्था छैन ।पालिकाले देहायको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कर्मचारीलाई संचार सुविधा वापत रु८४०००। भुक्तानी गरेको छ ।कानूनी व्यवस्था विपरीत भुक्तानी हुने कार्यमा नियन्त्रण हुनुपर्दछ ।<br>
<table>
<tr><th>गो भौ नं मिति</th><th>कर्मचारीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१६, ७३, १२३, १५७, १९२, २८४, ४४७</td><td>प्र प्र अ सुभाष कुमार ठाकुर</td><td>२१०००</td></tr>
<tr><td></td><td>सहायक पाचौ जितेन्द्र कुमार भारती</td><td>१३०००</td></tr>
<tr><td></td><td>लेखापाल सोहैल अंसारी</td><td>१३०००</td></tr>
<tr><td></td><td>कम्प्युटर अपरेटर सिताराम रिमाल</td><td>१३०००</td></tr>
<tr><td>२५९-२०७८।१०।२१</td><td>संजय कुमार कर्ण</td><td>६०००</td></tr>
<tr><td></td><td>भिखारी राउत</td><td>६०००</td></tr>
<tr><td></td><td>का अधिकृत धिरेन्द्र कुमार लाल दास</td><td>३०००</td></tr>
<tr><td></td><td>सुधिर यादव</td><td>३०००</td></tr>
<tr><td></td><td>शम्भु कुशवाहा</td><td>३०००</td></tr>
<tr><td></td><td>राजिव यादव</td><td>३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अध्ययन अवलोकन खर्च<br>१९३-२०७८।९।५ नगरपालिकाले अध्ययन अवलोकन वापत कार्यालय सहयोगी रामबाबु राउतलाई रु३९००००। भुक्तानी गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७.१ | | | कार्यालयले अध्ययन अवलोकनमा वडा सदस्यहरुले विभिन्न ठाउँ हेटौडा लगायत अन्य ठाउँमा गएकोमा सो अवलोकनबाट आर्जन गरेका अनुभवहरु पालिकामा उपयोग गरे नगरेको तथा सो को प्रतिवेदन पेश भएको देखिएन ।प्रतिवेदन पेश नभएकोले सो अध्ययन अवलोकनबाट के कस्ता अनुभवहरु प्राप्त भएको र सो बाट पालिकाले लाभ भए नभएको सम्बन्धमा यकीन हुन सकिएन ।अवलोकन खर्चको औचित्य पुष्टि नभएको रु.... | ३९०,००० |
| ७७.२ | | | रामबाबु राउतले गाडि धनि लाई रु११२०००। गाडी भाडा भुक्तानी गरेकोमा सोमा लाग्ने बहाल कर १० प्रतिशतले हुने रु११२००।कट्टी गरी दाखिला नगरेकोले पेश्की लिनेबाट असूल हुनुपर्ने रु..... | ११,२०० |
| ७८ | | | **वडाको कार्यसंचालन खर्च**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले वडाहरुलाई भुक्तानी भएको वडाको कार्यसंचालन खर्च रु.८ लाख ९१ हजार अन्तर्गत अधिकाँश रकम खाजामा नै खर्च गरेको छ । कार्यसंचालनको दिएको रकम अधिकाँश रकम खाजामा नै खर्च गर्नु कार्य औचित्यपूर्ण भएको पाइएन । पालिकाले वडाको खाजा खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७९ | | | **सुचना प्रकाशन खर्च**<br>स्थानीय सरकार संचालन ऐन२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारीता कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले यस वर्ष विभिन्न पत्रिकाहरुमा सिलबन्दी दरभाउ पत्र तथा बोलपत्र आव्हान एवम् आशयको सूचना प्रकाशित गरी स्थानिय र राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी चालुतर्फबाट रु.९ लाख ४० हजार। भुक्तानी गरेको छ ।एउटै बोलपत्र वा दरभाउपत्रको सुचना एउटा पुरै पेजमा अनावश्यक रुपमा छपाई भुक्तानी दिने गरेको छ । शुभकामना जस्ता कार्यमा नै धेरै रकम पालिकाले खर्च गरेको छ ।सूचना छपाईमा कार्यालयले खर्च गरेको रकममा दुई तिहाई रकमसम्म खर्च कम गर्न सकिने स्थिति देखिएको छ।सुचना छपाईको आदेश दिदाँ सूचनाको आकार सहितको आदेश दिनुपर्नेमा सुचनाको साइज नखुलाई आदेश दिने गरेकोले पत्रिकाहरुले आफुखुशि अनावश्यक ठुलो साइजमा सूचना प्रकाशन गरेको देखिन्छ ।सरकारी निकायबाट प्रकाशित गोरखापत्र र निजी स्तरमा राजधानीबाट प्रकाशित राष्ट्रिय स्तरका पत्रिकाहरुमा भन्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय पत्रिकाको सूचनाको लागि अधिक रकम भुक्तानी दिएको छ।पालिकाले विज्ञापन एवम् सुचना प्रकाशन गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ । | |
| ८० | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ४७ बमोजिम सरकारी कामको लागि पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने त्यसको यकीन विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ ।पालिकाले देहायको कर्मचारी तथा संस्थालाई पेश्की रकम दिदा के कति रकम चाहिने हो त्यसको यकिन नगरी हचुवाको आधारमा पेश्की रकम भुक्तानी दिने गरेको छ ।साथै एउटै कर्मचारीलाई एकपटकमा आधार बेगर रु९०००००। सम्म पेश्की दिएको देखिन्छ । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसारमात्र पेश्की रकम दिनुपर्दछ । आधार बेगर पेश्की दिएका केही उदाहरण निम्न छन् | |

| गो भौ नं मिति | कर्मचारीको नाम | पेश्की रकम |
|---|---|---|
| ९७-२०७८।६।२५ | कास राम शरण ठाकुर | २००००० |
| १०४-२०७८।७।४ | कास राजन केशरी | १५०००० |
| १२८-२०७८।७।१५ | सहायक पाचौं जितेन्द्र कुमार भारती | ९००००० |
| २५५-२०७८।१०।२१ | सहायक पाचौं जितेन्द्र कुमार भारती | ४००००० |
| ३९३-२०७८।१२।१४ | स चौथौ गेना पंडित कुम्हार | १००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **जिन्सी दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी आएको सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न सामान खरिद गरेकोमा जिन्सी दाखिला नभएको तथा उक्त सामानको कसको नाममा निकासा भएको हो यकिन भएन ।साथै लेखापरीक्षणको क्रममा सामान खरिद गर्दा लागत अनुमान तयार नभएको, प्रयोग. हस्तान्तरण र मौज्दात परिमाण कति रहेको विवरण पेश नभएको नगरपालिकाले यो वर्ष रु.७७ लाख १० हजार को सामान तथा छपाई भएको सामग्री खरिद गरेको छ । | |
| ८२ | | | **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**<br>• **खर्च बिश्लेषणः** गौर नगरपालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ३,१२,५४,१९१/३५ राजस्व बाँडफाँडबाट रु.९,४३,०९,६५७/०४ र अनुदानबाट रु ३८,०१,३८,१५०/०७ जन सहभागीतातर्फ रु १,५६,२३,२९९/-समेत रु ५२,१३,२५,२९७/४६ आम्दानी भएकोमा चालु तर्फ रु २९,५८,४४,४०८/३८ र पूँजिगत तर्फ रु.१९,८१,२५,७०३/५७ र बित्तिय ब्यबस्था तर्फ रु ४०,००,०००/- समेत रु. ४९,७९,७०,१११/९५ खर्च गरेको देखिन्छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.२७ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ५७,४९,६६६/- खर्च भएको छ जुन आन्तरिक आयको १८.४० प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.७५ प्रतिशत चालु र ३८ -प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ<br>• **सार्वजनिक जग्गाको संरक्षण** : स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा पालिकाले आप्mनो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबाँयाको रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको छ ।यस नगरपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखि रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गर्नु पर्दछ। यस | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले देहाय बमोजिमको सार्वजनिक सम्पतीको अभिलेख तयार गरी राखेको देखिन्छ ।<br>(क) सार्वजनिक ऐलानी जग्गाः- ६ विगहा, १० कठा ६ धुर ८ कन्वा<br>(ख) नगरपालिकाको नाममा रहेको जग्गाः- ४ विगहा, ६ कठा,१४ धुर ६ कन्वा<br>(ग) गौर बसपार्कः- १ वटा<br>(घ) मठ मन्दिर तथा मस्जिदः- मस्जीद १० वटा, मन्दिर २२<br>(ङ) तालतलैया तथा पोखरीः- ३ वटा<br>(च) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक शौचालयः- ६ वटा<br>(छ) हाट बजारः- २ वटा<br>• **फोहोरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । स्थानिय तहले फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण गरेको छैन् ।फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने"अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।<br>• **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर र घरजग्गा कर | २०००००० | १८७७६१६ | ९३.८८ |
| घरजग्गा वहाल कर | १२००००० | १४५७१४२ | १२१.४२ |
| व्यवसाय कर | ३०००००० | ६८९२५० | २३.०० |
| वहाल विरौटी शुल्क | ३२५००० | ६२११८० | १९१.१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाको कर,दस्तुर र शुल्कहरु प्रत्येक वडाहरुबाट अनलाईन असुल उपर भईरहेको देखियो । व्यवसाय कर अनुमानको तुलनामा २३ प्रतिशत मात्र असुली भएको देखिएकाले व्यवसाय कर असुली वृद्धि गर्नको लागि कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।<br>• **बिज्ञापन कर**ः मधेश प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङ्ग बोर्ड, साइनबोर्ड, ब्यानर,ट्राइभिजन बोर्ड,ग्लोबोर्ड, डिजिटल बोर्ड,स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखेको वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रीबाट गरिएको बिज्ञापनमा स्थानीय तहले निर्धारण गरे बमोजिम नगरपालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७८।७९ मा नगरपालिकाले यस् प्रकारका कूनै पनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ। | |
| ८३ | | | **प्रविधि हस्तान्तरणको प्रमाण पेश नभएको**<br>गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । यस वर्ष उक्त कार्यक्रम अन्तर्गत नमन ट्रेडर्स एण्ड सप्लायर्स प्रा लि, गौर रौतहटबाट सिलाई मेशीन १० थान, सिलाई मेशीन स्ट्याण्ड १० थान र सिलाई मेशीन टेबल १० थान मू अ कर समेत रु. १४००००।०० मा खरिद गरेको छ । खरिद भएका सामानहरु २०७८।१२।१ मा दाखिला गरेको दाखिला प्रतिवेदन पेश भए तापनि प्रतिवेदनमा दाखिला नम्बर उल्लेख नभएको तथा सम्बन्धित फाँटवालाको दस्तखत समेत नभएको पाइयो ।खरिद भएका ती सामाग्रीहरु वितरण भएको/नभएको वा स्टोरमा मौज्दातमा रहे नरहेको बारेमा कुनै जानकारी कार्यालयबाट प्राप्त हुन सकेन । ती सामाग्रीहरु कार्यक्रम सञ्चालन निर्देशिका अनुसार सम्बन्धित लाभग्राहीलाई वितरण भएको भरपाई पेश हुनुपर्ने अन्यथा करकट्टी पछिको रु.१३८१४१।०० असुल हनुपर्ने रु............. | १३८,१४१ |
| ८४ | १९० | २०७९-३-२३ | **कागजात पेश नभएको**<br>नगरपालिकाले लघु उद्यमतर्फ आवश्यकता पहिचानका आधारमा वडा नं २, ३, ७ र ८ मा पुनर्ताजगी तालिम सञ्चालन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्न राज मिडिया प्रा लि सँग सम्झौता गरी उक्त प्रा लि लाई गो भौ नं ८४।२०७८।११।२५ मा कार्यक्रम संचालन गर्न रु.८३६०००।०० पेश्की दिएको छ । गो भौ नं १९०।२०७९।३।२३ मा निज प्रालि को पेश्की फर्छ्यौट गरी अग्रिम आयकर रु. २५०८५।००, ३० प्रतिशत मू अ कर रु.६५२२०।०० कट्टा गरी रु.९६३३९४।०० भुक्तानी गरी रु.१८८९६९९।०० खर्च लेखको छ ।उक्त प्रा लि तालिम संचालन गर्न अनुमति प्राप्त संस्था हो वा होइन यकिन भएन । भुक्तानी भएको भौचरसाथ उक्त प्रा लि ले कार्यक्रम सम्पन्न गर्न तयार पारेको प्रतिवेदन मात्र सम्लग्न भएको पाइयो । उक्त प्रालिले संचालन गरेको कार्यक्रम देखिने कागजात तथा बिल भरपाइ केही पनि लेखापरीक्षणमा पेश नभएकोले खर्च पुष्टी हुने कागजात पेश हुनुपर्ने रु........... | १,८८९,६९९ |
| ८५ | | २०७९-९-२८ | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक करयोग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । संघीय ससर्त चालु स्वास्थ्य तर्फ देहायका कर्मचारीहरुको बार्षिक तलब, भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर असुल गरी दाखिला हुनपर्ने रु.............. | १६४,९१० |

| कर्मचारीको नाम | पदन | वार्षिक तलव भत्ता पोशाक खर्च चाडवाड खर्च र संचयकोष समेत | जम्मा कट्टी रकम (वार्षिक) | कर योग्य आय | सा सु कर १ प्रतिशत | कट्टी गर्नुपर्ने पारिश्रमिक कर १० प्रतिशत | कट्टी गर्नुपर्ने पारिश्रमिक कर २० प्रतिशत | जम्मा लाग्ने कर | कट्टी भएको कर | कट्टी हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रमोद राय यादव | ज स्वा प्र | ७९६३९९ | १३३९९२ | ६६२४०७ | ४५०० | १०००० | २२४८१ | ३६९८१ | ६००६ | ३०९७६ |
| दिनबन्धु प्रसाद यादव | सि अ हे व | ७५८१७७ | १२८१४३ | ६३००३४ | ४५०० | १०००० | १६००७ | ३०५०७ | ५७०६ | २४८०० |
| पंकज कुमार ठाकुर | ज स्वा नि | ७२२१८७ | १२२०६२ | ६००१२५ | ४५०० | १०००० | १००२५ | २४५२५ | ५४३२ | १९०९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |
| ८६ | २२१ | २०७९-३-२५ | **अतिविपन्न परिवारलाई नगद हस्तान्तरण** | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुमारी पावे | सि अ न मि | ७५८१७७ | १२८१४३ | ६३००३४ | ४५०० | १०००० | १६००७ | ३०५०७ | ५७०६ | २४८०० |
| संगिता मिश्र | सि अ हे व | ७४०१७७ | १२८१४३ | ६१२०३४ | ४५०० | १०००० | १२४०७ | २६९०७ | ५५२६ | २१३८० |
| रुपेश कुमार पंडित | ज स्वा नि | ६५०२३१ | १०९८९८ | ५४०३३३ | ४५०० | ९०३३ | ० | १३५३३ | ४८८५ | ८६४८ |
| दिनेश कुमार साह | ज स्वा नि | ६३२२३६ | १०६८५८ | ५२५३७८ | ४५०० | ७५३८ | ० | १२०३८ | ४७४९ | ७२८९ |
| दिव्य प्रकाश झा | ज स्वा नि | ६३२२३६ | १०६८५८ | ५२५३७८ | ४५०० | ७५३८ | ० | १२०३८ | ४७४९ | ७२८९ |
| शशिनन्दन गुप्ता | ज स्वा नि | ६३२२३६ | १०६८५८ | ५२५३७८ | ४५०० | ७५३८ | ० | १२०३८ | ४७४९ | ७२८९ |
| कृष्णनन्दन साह | सि अ हे व | ५८५७२५ | ९८९९८ | ४८६७२७ | ४५०० | ३६७३ | ० | ८१७३ | ४३९५ | ३७७८ |
| चन्द्रेश्वर कुमार सिंह | अ अ व | ६०००२८ | १०१४१४ | ४९८६१४ | ४५०० | ४८६१ | ० | ९३६१ | ४५०४ | ४८५८ |
| सबनम खातुन | अ हे व | ६०००२८ | १४४९१४ | ४५५११४ | ४५०० | ५११ | ० | ५०११ | ४०८० | ९३१ |
| उमेश साह | सि अ न मि | ५८५७२५ | ९८९९८ | ४८६७२७ | ४५०० | ३६७३ | ० | ८१७३ | ४३९५ | ३७७८ |
| | | | | | | | | | **जम्मा** | **१६४९१०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ३ मा कोभिड १९ को माहामारी नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको कारणबाट भईरहेको पेशा, व्यवसाय वा श्रम गर्ने अवसर गुमाई आर्थिक रुपमा अति विपन्न परिवार, खुला सडकमा सामान बेच्ने, दैनिक ज्यालादारी गर्ने, भरिया, कृषि मजदुर, गोठाला, खेताला, रिक्सा चालक, ठेला गाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, कोभिड १९ संक्रमणको कारणबाट एकाघर परिवारको मृत्यू भई आर्थिक संकट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असाहाय नाबालकलाई स्याहार गर्ने परिवारलाई प्रति परिवार रु.१००००।०० को दरले उपलब्ध गराउने व्यवस्था छ । यस शीर्षकबाट ४३८ परिवारलाई रू.१० हजारका दरले नगद हस्तान्तरणको लागि यो वर्ष रु.४३८००००।०० विनियोजन भएकोमा वडा कार्यालयहरुले छनौट गरी पठाएको विवरणका आधारमा गो भौ नं २२१।२०७९।३।२५ बाट ३९६ जना लाभग्राहीलाई रु.१००००।०० का दरले रु.३९६००००।०० बैंक खाता मार्फत भुक्तानी भएको छ । यसरी भुक्तानी भएका व्यक्तिहरु कार्यविधिले तोकेबमोजिम छनौट भए नभएको सम्बन्धमा भौचरसाथ सोलाई पुष्ट्याई गर्ने अभिलेख एवं विवरण सम्लग्न नभएको तथा कार्यालयबाट अनुगमन भएको समेत नदेखिएको हुँदा कार्यविधिले तोके बमोजिमका लाभग्राहीले नै भुक्तानी पाएका छन् भन्ने सम्बन्धमा एकिन हुन सकिएन । | |
| ८७ | | | **औषधि खरिद**<br>पालिकाले यस वर्ष संघीय ससर्त तर्फबाट खुला दरभाउपत्रको माध्यमबाट पटकपटक गरी विभिन्न आपूर्तकबाट रु. २२३८१३९।०० को औषधि खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ८७.१ | | | पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने स्वास्थ्य संस्थामा हस्तान्तरण भएका औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| ८७.२ | | | नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरी प्रयोगमा ल्याएको ELMIS प्रणालीको प्रयोग गरी औषधि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा सर्जिकल सामान खरिद, दाखिला तथा हस्तान्तरणको कार्यलाई सहज तथा व्यवस्थित गर्नुपर्नेमा कार्यालयले सो सफ्टवेयरको प्रयोग नगरी मेनुअल्ली दाखिला तथा हस्तान्तरण गरेको छ । उक्त सफ्टवेयरको प्रयोग गरी औषधि खरिद तथा हस्तान्तरण कार्यलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| ८८ | ५८ | २०७७-१०-२६ | **स्यानिटरी प्याड**<br>स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरणमा पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७१९६ जना रहेको उल्लेख छ । पालिकाले यस वर्ष मोनिका सर्जिकल हाउसबाट. ३२३०० थान स्यानिटरी प्याड रु.४९.४९ (मु अ कर समेत) को दरमा रु.१५९८६५६।२० मा खरिद गरेको छ । खरिद गरिएका ती सेनिटरी प्याड मध्ये ८५० थान प्याड हालसम्म वितरण नभई स्टोरमै रहेको विवरण कार्यालयले पेश गरेको छ । जिन्सीमा खर्च जनाएका ३१४५० थान प्याड विद्यालयमा बुझाएको भरपाइ लेखापरीक्षणमा पेश भएन । खर्च जनाएका सेनिटरीप्याड सम्बन्धित विद्यालयमा बुझाएको भरपाई पेश गर्नुपर्ने रु.......... | १,५५६,४६० |
| ८९ | | | **दीवा खाजा**<br>पालिकाले यो वर्ष तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत प्रति विद्यार्थी रु.१५।०० का दरले खाजा खर्च वापत रु.९२२५७४०।००, दीवा खाजा व्यवस्थापनको लागि भाँडा सामाग्री तर्फ रु.१८०९५८२।०० र सामुदायिक विद्यालयमा आल्मुनियम सहितको दीवा खाजा फ्लेक्स बोर्ड प्रिन्ट वापत रु.३२५४४०।०० गरी जम्मा रु.११३६०७६२।०० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ८९.१ | | | नगरपालिकाले विद्यालयबाट पठाएको दैनिकी अभिलेखलाई प्रमाणित गर्ने आधारको रुपमा रहेको विद्यालयको विद्यार्थीहरुको दैनिकी हाजिरी माग गरि सो हाजिरीसँग दिवा खाजा माग गर्दा पेश गरेको अभिलेख भिडान गरि ठिक भए नभएको एकिन गरेर मात्र दिवा खाजाको रकम निकासा गर्नु पर्नेमा विद्यालयबाट हाजिरी अभिलेख लिई भिडान गरेको प्रमाण कागजात भुक्तानी गर्दा सम्लग्न राखेको पाइएन । विद्यार्थी हाजिरीको आधारमा मात्र दिवा खाजा निकासा दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (१३) मा चालु वर्षमा भुक्तानी हुन नसकेको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराइ राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गत वर्षको भुक्तानी दिन बाँकी दीवा खाजा वापतको अनुदान भनी निम्नानुसार ३ विद्यालयलाई रु.२८९२००।०० निकासा दिएकोमा भुक्तानी दिन बाँकीको बिबरण तयार नगरेकोले भुक्तानी गर्न बाँकी रकम यकिन नभएको नभएको रु......<br>
<table>
<tr><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>श्री भगवत्ति आ वि कुडवा गौर ८</td><td>१६७०७०</td></tr>
<tr><td>श्री आ वि गढवा गौर ४</td><td>८०१३०</td></tr>
<tr><td>श्री मा वि टिकुलिया गौर ४</td><td>४२०००</td></tr>
<tr><td>जम्मा</td><td>२८९२००</td></tr>
</table></td><td>२८९,२००</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षण सिकाइमा आइ सि टी को लागि एक विद्यालयलाई रु.६५०००००।०० अनुदान दिने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागी रु.६५००००।- का दरले निकासा भएको देखिन्छ । विद्यालयहरुमा अनुदान रकम निकासा भएकोमा अनुदान रकमबाट भएको खर्चको बिल भरपाइ तथा सो कार्य सम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु ......<br>
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>श्री जुद्ध माध्यमिक विद्यालय</td><td>६५००००</td></tr>
</table></td><td>१,९५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>श्री आधारभुत विद्यालय बालमन्दिर</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>श्री सरस्वति मा वि सिसवा वर्ता गौर</td><td>६५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>
विद्यालय भौतिक पूर्वाधार निर्माण<br>
शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तह विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १,३५,१४,९८५। निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. ......
<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर , मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा रकम</th></tr>
<tr><td rowspan="2">१</td><td>३४-०७९।२।१८</td><td rowspan="2">श्री जुद्ध उच्च मा.बि., गौर २</td><td rowspan="2">नमुना विद्यालय भवन निर्माण</td><td>७०,००,०००।</td></tr>
<tr><td>४४-०७९।३।२०</td><td>३०,४९,९८५।</td></tr>
<tr><td>२</td><td>३५-०७९।२।१९</td><td>श्री मा.बि, गौर ५</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माण</td><td>११,५५,०००।</td></tr>
</table>
</td><td>१३,५१४,९८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>३</td><td>४२-०७९|३|१७</td><td>श्री आ.बि., महादेबपट्टी , गौर २</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम</td><td>२३,१०,०००|</td></tr><tr><td colspan="4" align="right">जम्मा</td><td>१,३५,१४,९८५|</td></tr></table></td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>कृषकहरुको लागि कृषि पाठशाला संचालन<br>गो भौ नं ११९|२०७९|१|२३ बाट सहायक कम्प्यूटर अपरेटर प्रमोद कुमार क्षेत्रीले कृषि पाठशाला सञ्चालन गर्नको लागि लिएको पेश्की रु.१५००००|०० फर्छ्यौट गरी रु.३०००००|०० खर्च लेखि कर कट्टी र पेश्की फर्छ्यौट पछि निजलाई रु.१४५११०|०० सोधभर्ना भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>९२.१</td><td></td><td></td><td>कृषक पाठशाला संचालन कार्यविधि, २०७५ मा कृषि पाठशालालाई किसानहरुलाई उनीहरुकै खेतबारीमा वाली अवधिभर बालि उत्पादन सँग सम्बद्ध समस्याहरुमा केन्द्रित भई सहभागितात्मक खोज र प्रयोगको आधारमा बाली उत्पादनका नविनतम प्रविधिहरुको अभ्यास गर्ने थलोको रुपमा उल्लेख गरिएको छ । सो कार्यविधिको परिच्छेद २ मा कृषक पाठशाला कार्यक्रमको संचालन कृषि ज्ञान केन्द्रले कृषिक पाठशाला श्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत गर्ने उल्लेख छ । पालिकाले यो कार्यक्रम संचालन गर्न कृषि प्राविधकलाई पेश्की उपलब्ध गराउनु पर्नेमा सहायक कम्प्युटर अपरेटर लाई कार्यक्रम संचालन गर्न पेश्की दिएकोले उक्त कार्यक्रम संचालन सम्बन्धमा स्पष्ट हुनसक्ने अवस्था रहेन ।</td><td></td></tr>
<tr><td>९२.२</td><td></td><td></td><td>उक्त कार्यक्रम संचालन अन्तर्गत स्वच्छ मासु, दुध उत्पादन तथा संरक्षण सम्बन्धि १ दिने कार्यक्रमको लागि दिलिप स्टेशनरी सेन्टरबाट विभिन्न ५ वटा बिलबाट प्रति थान रु.७५०|०० को दरले १२० थान क्यालेण्डर रु. ९०००००|०० मा खरिद गरी ७० थान वितरण गरेको छ । बाँकी ५० थान क्यालेन्डर दाखिला भएको तथा वितरण भएको समेत देखिएन । साथै क्यालेन्डर खरिद गरी वितरण गरेको आधारमा कृषि पाठशाला संचालन भएको मान्ने कुनै आधार नहुने भएकोले यस्तो कार्यालाई नियमसम्मत मान्न सकिएन । खरिद गरिएका १२० थान क्यालेन्डर मध्ये ७० थान मात्र वितरण भएको र बाँकी ५० थान क्यालेन्डर पालिकामा दाखिला भएको समेत नदेखिएकोले उक्त कार्यकोलागि पेश्की लिनेबाट असुल गर्नुपर्ने रु......</td><td>३७,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९२.३ | | | उक्त कार्यक्रमको पेश्की फर्छ्यौटकोलागि पेश भएको बिल भरपाई परीक्षण गर्दा रु.२८०७६०।०० को मात्र बिल भरपाई सम्लग्न भएकोले नपुग रकम रु.१९२४०।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु..... | १९,२४० |
| ९२.४ | | | साथै सोही कार्यक्रमकोलागि न्यू श्री शंकर स्टेशनरी स्टोर्सका दुइथान बिलबाट जनचेतनामूलक पोष्टर ५०० थान प्रति थान ४० का दरले २००००।०० र सोही स्टोर्सबाट जनचेतना मूलक स्टिकर २०० थान प्रति थान रु१०० का दरले रु.२००००।०० मा खरिद गरी रु४००००।०० खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार उक्त कार्यक्रम २०७८।१२।१२ गते १ दिन चलेको र जम्मा ६० जना कृषक सहभागी भएको देखिन्छ । खरिद गरिएका बाँकी पोष्टर र स्टिकर कहाँ कसरी प्रयोग भए भन्ने बारेमा स्पष्ट हुने आधार पेश भएन । यसरी कृषक पाठशाला संचालन कार्यविधिले तोके अनुसारको कार्यक्रम संचालन गर्नुपर्नेमा एक दिने गोष्ठी गरी उपलब्धी विहीन खर्च गरेको देखिएकोले पोष्टर र स्टिकर खरिद वापतको रकम असुल गर्नुपर्ने देखिएको रु............. | ४०,००० |
| ९३ | १०७ | २०७८-१२-२९ | **बढी भुक्तानि**<br>संघीय ससर्त अनुदान तर्फ साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमतर्फ ५० प्रतिशत अनुदानमा कृषकहरुलाई सामाग्री तथा पशु उपलब्ध गराउने व्यवस्था छ । पालिकाले २०७७।७८ मा स्थापना भएको बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र तर्फ राज देवी कृषि तथा पशुपालन फार्मलाई उन्नत जातको बाख्रा ५१ वटा खरिद गरेको बिल अनुसार रु.४९९८००।०० भुक्तानी गरी ५१ जना कृषकहरुलाई १/१ वटा बाख्रा वितरण गरेको छ । उक्त फर्मलाई कृषकहरुको योगदान ५० प्रतिशत अनुदान कट्टा गरी रु.२४९९००।०० मात्र भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२४९९००।०० असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु..... | २४९,९०० |
| ९४ | ४२ | २०७८-९-१८ | **गहुँको बिउ बितरण**<br>खाद्यान्न वालीको उन्नत वीउ उपयोगमा मूल्य अनुदान अन्तर्गत पालिकाले यस वर्ष बोलपत्रको माध्मबाट साह एग्रो सेन्टरबाट २६५३३ के जी उन्नत जातको गहुँको बिउ प्रति के जी रु.७५।०० का दरले रु.१९८९९७५।०० मा खरिद गरी ५० प्रतिशत अनुदानमा ४११ जना कृषकलाई वितरण गरेको छ । उक्त एग्रो सेन्टरले आपूर्ति गरेको बिउको गुणस्तर परीक्षण गरेको तथा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले गुणस्तर प्रमाणीकरण गरेको प्रमाण कागजात सम्लग्न गरेको छैन । बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रद्धारा गुणस्तर प्रमाणीकरण भएका विउ मात्र वितरण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **सामाजिक सुरक्षा भत्ता**<br>सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| ९५.१ | | | दाखिला गर्न बाँकी : यस नगरपालिका अन्गर्गतका ९ वडाको सामाजिक सुरक्षा वितरण गर्ने प्रयोजनको लागि ८ वटा बैंकमा रकम निकासा गरेको छ । ती बैंकहरुले सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गरी बाँकी रहेको भनी निम्नानुसार रु.५६१३९७।७७ चेकमार्फत फिर्ता गरेको देखियो । फिर्ता गरेको रकम रु. ५६१३९७।७७ मध्ये रु.३५४२२४।०० मात्र संघीय संचित कोषको खातामा दाखिला भएको बैंक भौचर पेश भएकोले बाँकी रकम समेत संघीय संचित कोष दाखिला हुनुपर्ने रु........... | २०७,१७३ |
| ९५.२ | | | दोहोरो भत्ता : लेखापरीक्षणको क्रममा कार्यालयले उपलब्ध गराएको रिभर्सफिडका आधारमा नमुनाको रुपमा वडा नं ५, ६ र ९ को सामाजिक सुरक्षा भत्ता वितरणको विवरण परीक्षण गर्दा निम्नानुसार लाभग्राहीलाई रु.९९७८०।०० दोहोरो भत्ता भुक्तानी हुन गएको देखिएको छ । दोहोरो भुक्तानी भएको भत्ता असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु......... | ९९,७८० |

| सि नं | लाभग्राहीको नाम | वडा नं | बैंकको नाम | चौमासिक | प्रकार | ना प्र नं | बैंक खातामा गएको रकम | दोहोरो परेको रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुलोचना देवी | ५ | एन आइ सी बैंक लिमिटेड गौर | प्रथम | जेष्ठ नागरिक | १८७ | ७९८० | ७९८० |
| | सुलोचना देवी | ५ | एन आइ सी बैंक लिमिटेड गौर | प्रथम | जेष्ठ नागरिक | १८७ | ७९८० | |
| २ | रामानन्द राउत | ५ | एन आइ सी बैंक लिमिटेड गौर | प्रथम | अपांगता | ३१२ | ७९८० | ७९८० |
| | रामानन्द राउत | ५ | एन आइ सी बैंक लिमिटेड गौर | प्रथम | अपांगता | ३१२ | ६३८४ | |
| ३ | सुलोचना देवी | ५ | एन आइ सी बैंक | दोस्रो | जेष्ठ | १८७ | ७९८० | ७९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लिमिटेड गौर | | नागरिक | | | |
| | सुलोचना देवी | ५ | एन आइ सी बैंक लिमिटेड गौर | दोस्रो | जेष्ठ नागरिक | १८७ | ७९८० | |
| ४ | रामानन्द राउत | ५ | एन आइ सी बैंक लिमिटेड गौर | दोस्रो | अपांगता | ३१२ | ११९७० | ११९७० |
| | रामानन्द राउत | ५ | एन आइ सी बैंक लिमिटेड गौर | दोस्रो | अपांगता | ३१२ | ६३८४ | |
| ५ | फुल कुमारी | ६ | प्रभु बैंक लिमिटेड | दोस्रो | अपांगता | 3210013789 | ११९७० | ११९७० |
| | फुल कुमारी | ६ | प्रभु बैंक लिमिटेड | दोस्रो | अपांगता | 321001-3789 | ६३८४ | |
| ६ | सुलोचना देवी | ५ | एन आइ सी बैंक लिमिटेड गौर | तेस्रो | जेष्ठ नागरिक | १८७ | ७९८० | ७९८० |
| | सुलोचना देवी | ५ | एन आइ सी बैंक लिमिटेड गौर | तेस्रो | जेष्ठ नागरिक | १८७ | ७९८० | |
| ७ | रामानन्द राउत | ५ | एन आइ सी बैंक लिमिटेड गौर | तेस्रो | अपांगता | ३१२ | ११९७० | ११९७० |
| | रामानन्द राउत | ५ | एन आइ सी बैंक लिमिटेड गौर | तेस्रो | अपांगता | ३१२ | ६३८४ | |
| ८ | शेख लियाखत | ६ | प्रभु बैंक लिमिटेड | तेस्रो | जेष्ठ नागरिक | 1671 | १२००० | १२००० |
| | शेख लियाखत | ६ | प्रभु बैंक लिमिटेड | तेस्रो | जेष्ठ | 1671 | ७९८० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>नागरिक</td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>सुलोचना देवी</td><td>५</td><td>एन आइ सी बैंक लिमिटेड गौर</td><td>चौथो</td><td>जेष्ठ नागरिक</td><td>१८७</td><td>७९८०</td><td>७९८०</td></tr>
<tr><td></td><td>सुलोचना देवी</td><td>५</td><td>एन आइ सी बैंक लिमिटेड गौर</td><td>चौथो</td><td>जेष्ठ नागरिक</td><td>१८७</td><td>७९८०</td><td></td></tr>
<tr><td>१०</td><td>रामानन्द राउत</td><td>५</td><td>एन आइ सी बैंक लिमिटेड गौर</td><td>चौथो</td><td>अपांगता</td><td>३१२</td><td>११९७०</td><td>११९७०</td></tr>
<tr><td></td><td>रामानन्द राउत</td><td>५</td><td>एन आइ सी बैंक लिमिटेड गौर</td><td>चौथो</td><td>अपांगता</td><td>३१२</td><td>६३८४</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>९९७८०</td></tr>
</table>
अन्य वडाहरुमा पनि यस्तो दोहोरो भत्ता भुक्तानी भएको हुन सक्ने भएकोले कार्यालयले थप विश्लेषण गरी एकिन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९५.३</td><td></td><td></td><td>नगरपालिकाले समाजिक सुरक्षा भत्ता वित्तरण प्रयोजनका लागि पालिका अन्तर्गतका ९ वडामा भत्ता वितरण प्रयोजनको लागि ८ वटा बैंकहरुमा रकम निकासा गरेकोमा ती बैंकहरुबाट रिभर्सफिड प्राप्त गरी लेखापरीक्षणलाई पेश गरेको भएपनि बैंक स्टेटमेन्ट भने लेखापरीक्षणमा पेश गरेको छैन । यस सम्बन्धमा नगरपालिकासँग बुझ्दा ती बैंकहरुले कार्यालयले पठाएको विवरण र चेकको आधारमा सिधै लाभग्राहीको खातामा रकम जम्मा गर्ने र खाता नम्बर नमिलेका र खाता नम्बर नखोलेका लाभग्राहीको रकम हरेक चौमासिकमा फिर्ता पठाउने गरेको र प्रत्येक व्यक्तिको छुट्टा छुट्टै स्टेटमेन्ट उपलब्ध गराउनु पर्ने भएकोले सामाजिक सुरक्षाको एकमुष्ट स्टेटमेन्ट बैंकले उपलब्ध गराउन नसक्ने जवाफ पालिकाले दिएको छ । तसर्थ सामाजिक सुरक्षा भत्ता वितरणको स्रेस्ता कार्यालयले पेश गरेको रिभर्सफिडको आधारमा लेखापरीक्षण गरिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५.४ | | | **लाभग्राहीको बैंकखातामा बढी रकम जम्मा भएको** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १६(ख) बमोजिम भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृतकले पाउने अवधिको भत्ता नजिकको हकवालालाई उपलब्ध गराउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमूना परीक्षणको रुपमा वडा नं ५, ६, ९ को बैंकबाट प्राप्त रिभर्सफिड परीक्षण गर्दा लाभग्राहीको मृत्यु पश्चात पाउनु पर्ने अवधिको रकम भन्दा देहाय अनुसारको बढी रकम लाभग्राहीको बैंक खातामा जम्मा भएको पाइयो । मृत्यू भएका निम्नानुसारका लाभग्राहीहरुको खातामा जम्मा भएको रकम बैंकबाट फिर्ता प्राप्त गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु...... | ७३,७६९ |

| नाम | वडा नं | बैंकको नाम | मृत्यू भएको मिति | ना प्र नं | पाउनु पर्ने भत्ता | लाभग्राहीको खातामा जम्मा भएको | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| रामलाल प्रसाद केसरी | ५ | एन आइ सि एसिया बैंक लि | २०७८।१२।१० | ३२३००१२१८ | १२०० | १३६०० | १२४०० | चैत्र को २० दिन र चौथो त्रैमासिकको पुरै बढी जम्मा भएको |
| हलि मा | ६ | प्रभु बैंक लिमिटेड | २०७९।२।७ | २७२५ | ३८१२ | ७९८० | ४१६८ | चौथो किस्ता |
| विश्वनाथ वैठा धोवी | ९ | एन आइ सि एसिया बैंक लि | २०७८।८।२० | ३२५१२३०३ | ५३३३ | १२००० | ६६६७ | दोस्रो किस्ता |
| महेश्वरी देवी | ९ | एन आइ सि एसिया बैंक लि | २०७८।७।१५ | ८९५ | २००० | २४००० | २२००० | दोस्रो र तेस्रो किस्ता समेत |
| बतहु दास तत्मा | ९ | एन आइ सि एसिया बैंक लि | २०७८।११।२६ | 3.8E+11 | ७४६६ | १२००० | ४५३४ | तेस्रो किस्ताको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>शेख राफिक मिया</td><td>९</td><td>एन आइ सि एसिया बैंक लि</td><td>२०७८।६।१५</td><td>३८६३</td><td>१००००</td><td>२४०००</td><td>१४०००</td><td>पहिलो र दोस्रो किस्ता समेतको</td></tr>
<tr><td>निर्मला देवी श्रीवास्तव</td><td>९</td><td>एन आइ सि एसिया बैंक लि</td><td>२०७८।१०।१५</td><td>७</td><td>२०००</td><td>१२०००</td><td>१००००</td><td>तेस्रो किस्ताको</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>७३७६९</td><td></td></tr>
</table>
अन्य वडाहरुमा पनि यस्तो लगत कट्टा भएका लाभग्राहीको बैंक खातामा बढी रकम जम्मा हुन सक्ने भएकोले पालिकाले थप विश्लेषण गरी एकिन गर्नुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>
नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१५१६२०। समेत रु.१३१७९३२। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>२७९-२०७८।१०।२५</td><td>शाह इम्पेक्स</td><td>६०४०११५२७</td><td>३, १८ , ६६०</td><td>३६६६०</td><td>२०७८। ।४</td></tr>
<tr><td>२८१-२०७८।१०।२५</td><td>समाज विकास परिषद(अशोक कुमार साह)</td><td>६०४१०३३६९</td><td>४९९६३६</td><td>५७४८०</td><td>२०७८।T ।१</td></tr>
<tr><td>४६८-२०७९।१।२३</td><td>शान्तिका लागि विकास नेपाल</td><td>६०८३४७०८८</td><td>४, ९९ , ६३६</td><td>५७४८०</td><td>२०७८।M ।७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३१७९३२</td><td>१५१६२०</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु....</td><td>१५१,६२०</td></tr>
<tr><td>९७</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर रु२९८९८। असुल गरी दाखिला हुनपर्ने रु.....
<table>
<tr><th>कर्मचारीको नाम</th><th>वार्षिक आम्दानी</th><th>कट्टि रकम</th><th>बाँकी</th><th>कर रकम</th><th>कर कट्टी</th><th>कम</th></tr>
<tr><td>छैठौं सुभाष कुमार ठाकुर</td><td>६९९,३१३.००</td><td>१२१,२३६.००</td><td>५७८,०७७.००</td><td>२०,११५.००</td><td>५७८१</td><td>१४,३३४.००</td></tr>
<tr><td>छेठौं जितेन्द्र झा</td><td>६३०,८३८.५०</td><td>१०९,६४५.००</td><td>५२१,१९३.५०</td><td>११,६१९.००</td><td>५२१२</td><td>६,४०७.००</td></tr>
<tr><td>शा अधिकृत निलु झा</td><td>५०३८७०</td><td></td><td>५०३८७०</td><td>९३४८</td><td>५०३९</td><td>४३०९</td></tr>
<tr><td>सु प्र अ रोशन कुमार श्रीवास्तव</td><td>५०३८७०</td><td></td><td>५०३८७०</td><td>९८८७</td><td>५०३९</td><td>४८४८</td></tr>
<tr><td colspan="6" align="right">जम्मा</td><td>२९८९८</td></tr>
</table></td><td>२९,८९८</td></tr>
<tr><td>९८</td><td></td><td></td><td>पार्किङ्ग शुल्कः नगरपालिकाले पार्किङ्गको लागि कृषि सामाग्री कम्पनी लि को जग्गा भाडा लिई पार्किङ्ग वापत रु६६०००। भुक्तानि दिएको पाइयो ।तर पार्किङ्गबाट आन्तरिक आयको लागि पालिकाले ठेक्का नलगाएकोले सो बाट आम्दानी प्राप्त गरेको देखिएन ।भाडामा लिई भुक्तानी भएको रकमको उपादेयता पुष्टि भएको देखिएन ।<br>सवारी कर : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।<br>**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगित थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।<br>**पर्यटन शुल्कः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ बमोजिम उद्यान पार्क चिडियाखाना ऐतिहासिक तथा पुरातात्विक सम्पदा सङ्गालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने पर्यटन कर एकिन गरी असुल गर्नुपर्दछ ।<br>**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ९९ | | | **राजस्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतितका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।पालिका तथा वडाको आम्दानी १ देखि ३ महिनासम्म ढिलो दाखिला हुने गरेको छ । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।साथै कसुरको मात्र हेरी विभागीय कारबाहि हुनुपर्दछ । कार्यालयले पालिका र सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।साथै ३ नम्बर वडाको सफ्टवेयरअनुसार रु३९४१८५। देखिएकोमा रु३९१२७२। दाखिला भएकोले आम्दानी भन्दा रु२९१३।कम दाखिला गरेको देखिएकोले जरिवाना सहित सहायक कम्प्यूटर अपरेटर धिरज कुमार सिंहबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला हुनुपर्ने रु..... | ३,२०४ |
| १०० | | | **असुली गर्न बाँकी आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत वर्ष बन्दोबस्त गरेको गौर बसपार्क आन्तरिक आय ठेक्कामा P & B Traders Gaur बाट रु.४८५७४८७। असुल गर्ने बाँकी रहेको छ । उपर्युक्त रकम १० प्रतिशत व्याज तथा हर्जना समेत रु५३४३२३६। असुल गर्नुपर्ने रु...... | ५,३४३,२३६ |
| १०१ | | | **सफ्टवेयरबाट संकलन रकम रद्द**<br>नगरपालिकाको राजस्व संकलन गर्न सफ्टवेयरबाट प्राप्न आम्दानी परीक्षण गर्ने क्रममा विभिन्न आर्थिक वर्षको असुली रकम रद्द गरेको देखियो ।नगरपालिकाले विभिन्न शीर्षकबाट प्राप्त भएको राजश्व र१०७००३। रद्द गरिएको विवरण सफ्टवेयरबाट प्राप्त भएको छ । रसिद रद्द गरेको सम्बन्धमा पालिकाबाट छानविन गरी यकिन हुनुपर्ने देखिएको छ ।राजस्व असूली गरेपछि रसिद रद्द गरी सो रकम दुरुपयोग तथा हिनामिना हुनसक्ने देखिएको छ । सो रकम वास्तविक रुपमा प्राप्त नभएको भनि यथार्थ प्रमाण पेश हुनुपर्ने अन्यथा रकम प्राप्त भएर पनि रद्द गरिएको हो भने सम्बन्धित जिम्मेवार पदाधिकारीबाट जरिवानासहित असूल हुनुपर्ने रु..... | १०७,००३ |